वर्ष : २०, अंक : १३, काठमाडौं, २०८१ साउन २५ गते शुक्रबार, 9 August, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## ‘अब मुलुकको विकल्प राष्ट्रिय मुक्ति क्रान्ति मात्रै’



काठमाडौं । बहुलराष्ट्रिय राज्य स्थापनार्थ राजेन्द्र महतोले सञ्चालन गरेको राष्ट्रिय मुक्ति क्रान्तिमा विभिन्न पार्टी परित्याग गरि दर्जनौं नेताहरु प्रवेश गरेका छन् ।

बुधबार राष्ट्रिय मुक्ति क्रान्तिको केन्द्रीय कार्यालयमा आयोजना एक कार्यक्रमका बीच नेपाली कांग्रेस, मोहन वैद्य किरणले नेतृत्व गरेको क्रान्तिकारी कम्यूनिष्ट पार्टी लगायत परित्याग गरि दर्जनौं नेताहरु राष्ट्रिय मुक्ति क्रान्तिमा लागेका हुन् ।

प्रवेश गर्नेहरुमा कांग्रेसका महाधिवेशन प्रतिनिधि अछामका शेर बहादुर शाह, नेकपाका केन्द्रीय आइटी विभाग प्रमुख सिन्धुपाल्चोकका चुडामणी श्रेष्ठ, क्रान्तिकारी कम्यूनिष्ट पार्टीका संचार विभाग प्रमुख कर्णाली प्रदेश जाजरकोटका राम बहादुर बुढा मगर तथा केन्द्रिय सदस्य जुम्लाकी लक्ष्मी चौलागाइ बुढा मगर लगायत दर्जनौं नेताहरुलाई क्रान्तिका संयोजक महतोले फुलमाला लगाई तथा खादा ओढाइ स्वागत गरेका छन् ।

प्रवेश गर्दै उनीहरुले अब मुलुकको विकल्प राष्ट्रिय मुक्ति क्रान्ति मात्रै रहेको बताउँदै देश विकास तथा निकास दिन आफूहरुले राष्ट्रिय मुक्ति क्रान्ति रोजेको बताए ।

कांग्रेस तथा पुराना कम्यूनिष्ट पार्टीहरु परिवारवाद तथा राष्ट्रलाई निकास दिन नसक्ने दाबी गर्दै उनीहरुले अब आफूहले बहुलराष्ट्रिय राज्यका लागि यसै राष्ट्रिय मुक्ति क्रान्ति मार्फत संघर्ष गर्ने बताए ।

नवप्रवेशी नेताहरुलाई स्वागत गर्दै पूर्वउपप्रधानमन्त्री समेत रहेका संयोजक महतोले बहुलराष्ट्रिय राज्यका लागि आफूहरुको अभियान अगाडी बढिसकेको र मुलुकभर यसको प्रभाव बढिरहेको बताए ।

उनले आफूहरुले संगठन विस्तार तथा प्रशिक्षण कार्यक्रम जारी राखेको र नेपाली जनताले समेत अब मुलुकको निकास तथा विकास राष्ट्रिय मुक्ति क्रान्तिबाट मात्रै सम्भव रहेको बुझिसकेको जिकिर गरे ।

राष्ट्रिय मुक्ति क्रान्ति पश्चिम कमाण्डका नेता जुनतारा मगरको नेतृत्वमा भएको प्रवेश कार्यक्रममा आर्थिक विभाग प्रमुख कमला गुरुङ्ग, नेवा राष्ट्रिय परिषद्का संयोजक सुमन सायमी, स्वनिगः विशेष ब्यूरो संयोजक रविन्द्र श्रेष्ठ, राष्ट्रिय मुक्ति क्रान्तिका नेता कौशल सिंह, सन्तोष मेहता, रामकिशोर सिंह, कृष्णा थापा, युथ इन्डिजिनियस लिगका प्रमुख सनम लिम्बुलगायतका नेताहरुको उपस्थिति थियो ।

## जसपानिकट युवा विद्यार्थीले निकाले कुर्सी जुलुस



जनकपुरधाम । जनता समाजवादी पार्टी नेपाल निकटका युवा विद्यार्थीहरुले मधेश सरकारको विरुद्धमा कुर्सी जुलुस निकालेको छ। युवा विद्यार्थीहरुले बुधबार मधेश सरकारले २० सदस्यीय मन्त्रीमण्डल बनाएको विरोधमा राजधानी जनकपुरधाममा कुर्सी जुलुस प्रदर्शन गरेका हुन् ।

जसपा नेपाल निकट समाजवादी युवा संघ र विद्यार्थी युनियन नेपालले कुर्सी जुलुस प्रदर्शन गरेका हुन् । जनकपुरको रामानन्दचोकबाट कुर्सी जुलुस नगरको विभिन्न भागमा प्रदर्शन गर्दै जनकचोकमा पुगेर कोणसभामा परिणत भएको छ । उनीहरु मुख्यमन्त्रीको राजिनामा समेत मागेका छन् । मुख्यमन्त्री सतिश कुमार सिंह मंगलबार पाँच राज्यमन्त्री थप गर्दै अहिलेसम्मकै ठूलो २० सदस्यीय मन्त्री मण्डल बनाएका थिए ।

अन्तर्वार्ता पृष्ठ ३ मा

**जनताको विश्वास हामीमाथि निरन्तर बढ्दै गइरहेको छ**

**कौशल कुमार सिंह**

**नेता, राष्ट्रिय मुक्ति क्रान्ति**

**मैले अलिकति पनि भ्रष्टाचार गरेको प्रमाणित भयो भने राजनीति छोडिदिन्छु**

**: संजय कुमार यादव**

**मधेश प्रदेशका पूर्वअर्थमन्त्री**

### जनमतको जनता राज यही हो ? सबैलाई मन्त्रीको ट्याग लगाउने सीकेको रणनीति!

# मधेश प्रदेशमा जम्बो मन्त्रिमण्डल




जनकपुरधाम । ‘कहि नभएको जात्रा हाडी गाउँमा’ भने जस्तै अहिले मधेश प्रदेशमा भइरहेको छ । मधेश प्रदेशमा १२ वटा मन्त्रालय छ, तर त्यहाँ मन्त्रीको संख्या २० पुगेको छ । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंह सत्तारुढ गठबन्धनको आवश्यकत्तामा अझै मन्त्रीको संख्या बढाउने योजनामै रहेका छन् ।

आठ वटा मात्रै जिल्ला भएको मधेश प्रदेश भूगोलको आधारमा सानो छ । तर यति मन्त्री किन बनाएको भन्दै सरकारको आलोचना भईरहेको छ । सर्वसधारण नागरिक देखी बिभिन्न क्षेत्रका बुद्धिजिवि, राजनीतिक दल, पेशा व्यवसायी लगायतका व्यक्तिहरुले सरकारको यस्तो गैरजिम्मेवार कामको आलोचना गरिरहेका छन् ।

यसैबीच प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा)ले मधेश प्रदेश आठ जिल्लाको रहेको र भूगोलका आधारमा सानो समेत रहेको प्रदेशमा १२ मन्त्रालय र २० मन्त्रीको आवश्यक्ता किन पर्यो भन्दै प्रश्न उठाएको छ । आजपा मधेश प्रदेशका अध्यक्ष उमेश कुशवाहाले सानो प्रदेशमा यति ठुलो मन्त्रीमण्डलको गठन आवश्यकता हो कि मधेशको बिकास बजेट लुटने प्रपञ्च हो भन्दै प्रश्न गरेका छन् ।

‘देशमा सुशासन, बिकास र स्थायित्वको लागि एमाले र कांग्रेस गठबन्धन बनेको बताईरहदा मधेस प्रदेशमा ठीक उल्टो २० सदस्यीय मन्त्रीमण्डल बिस्तार भएकोछ । देशको सबभन्दा सानो प्रदेशमा यति ठुलो मन्त्रीमण्डलको गठन आवश्यकता हो कि मधेशको बिकास बजेट लुटने प्रपञ्च हो ?’ कुशवाहाले प्रश्न गरेका छन् ।

मधेश प्रदेशमा दलित, गरिबहरुको घर बनेको पैसा सरकारले दिन सकिरहेको छैन् ।

**बुझ्नुपर्छः यो मधेश सरकार गठबन्धनको हो, जनमतको होइन । गठबन्धन र खासगरी दुई ठुला पार्टीले निर्धारण गरेको हो कि कति मन्त्रालय कसले राख्ने, कति राज्यमन्त्री राख्ने, कुन कुन मन्त्रालय कसले राख्ने । यसमा हाम्रो केही चल्दैन किनकि जनमत पार्टीको सीट संख्या मधेश प्रदेशमा पनि निर्णायक होइन, अहिलेकै गठबन्धनमा पनि हामी बिना नै मधेश सरकार बन्छ । त्यसैले हामीले चाहेर मात्र हुदैन ।**



**डा.सीके राउत**
**अध्यक्ष, जनमत पार्टी**

मधेश प्रदेशमा विद्यार्थीको अनुपातमा विषयगत र तहगत शिक्षकको अभाव रहेको र शिक्षा तथा स्वास्थय सेवाको स्तर खस्किरहेको बताउँदै उनले यहाँको व्यापार चौपट भएको, युवाहरुले रोजगार पाउँन नसकेको, सिंगै मधेश प्रदेश मावन विकास सूचकांकमा पछाडी परेको अवस्थामा सरकारले मिहिन तरिकाले काम गर्नुको साटो मन्त्री नियुक्त, विस्तार, भागबण्डा, भ्रष्टाचार र अनियमितताको खेलमा लागेको आजपाले जनाएको छ ।

‘आठ वटा जिल्ला मात्र भएको प्रदेशमा २० वटा मन्त्रीको रेकर्डले के मधेशको नाम बढ़ाउने छ कि बदनाम गर्नेछ ? सिके राउत संग सोधन चाहन्छु। आज मधेशमा दलित र गरिबहरु घर बनेको पैसा सरकारले दिन सकिरहेको छैन, विद्यार्थीको अनुपात शिक्षक छैन, शिक्षा र स्वास्थ्यको स्तर खस्कीदोछ, उधोग व्यापार चौपट छ, युवाले रोज़गार पाएको छैन, सिंगै मधेश मानव बिकास सूचकांकमा पछाडी छ । यस्तो अवस्थामा अनावश्यक मन्त्रीमण्डल बिस्तार कुनै पनी हिसाबले सही छैन । यस विषयमा गठबन्धनका नेताहरुले समयमा ध्यान देओस, नत्र जनता चुप लागेर बस्दैन ।’

मधेशको विकासका लागि ध्यान दिनुपर्ने सरकारले भ्रष्टाचारमा लिप्त रहेको र सत्तारुढ गठबन्धनमा रहेका पार्टी, नेतालाई भागबण्डाको आधारमा कमाउँने धन्दामा लागेको आरोप उनले लगाएका छन् ।

# प्रधानमन्त्री ओलीलाई मधेशका मुख्यमन्त्रीको २२ बुँदे माग



काठमाडौं । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रधानमन्त्री केपी शर्मा ओलीलाई २२ बुँदे मागपत्र बुझाएका छन् ।

मुख्यमन्त्री शतिशकुमार सिंहले मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाएको मागपत्रमा निर्माणाधीन पूर्वपश्चिम रेलमार्गको प्रमुख शहरसँग सम्पर्क हुनुपर्ने माग पनि छ ।

प्रदेशको विकासका निम्ति दीर्घकालीन सकारात्मक असर पार्ने केही योजनालाई आफूहरुले अघि बढाउन खोजेको भन्दै मुख्यमन्त्री सिंहले यसमा संघीय सरकारले साथ दिनुपर्ने बताएका छन् ।

जनकपुर जयनगर रेल यातायातमा मालवाहक रेलको व्यवस्था हुनुपर्ने, हुलाकी राजमार्ग अन्तर्गत कमला पुल लगायत अन्य पुल निर्माण पूरा गर्नुपर्ने, जानकी मन्दिर विकास कोषको स्थापना तथा जानकी मन्दिर, राम मन्दिर प्राङ्गणको सौन्दर्यकरण गर्नुपर्ने माग पनि मुख्यमन्त्रीले बुझाएका छन् ।

यस्तै जनकपुरधामस्थित बाह्रबिघा रंगभूमि मैदानलाई व्यवस्थित गर्न आवश्यक पहल हुनुपर्ने, मधेश प्रदेशका आठवटा जिल्लाहरू भारतीय नाकासँग जोडिएको हुनाले पर्यटक भित्र्याउन पर्यटकीय कोरिडोर को निर्माण हुनुपर्ने माग पनि मुख्यमन्त्री सिंहले राखेका छन् ।

कमला नदीको बगरमा बगर खेतीका लागि आवश्यक आधुनिक प्रविधि तथा स्रोत साधनमा सहयोग गर्नुपर्ने, भारतीय रेल नेटवर्कसँग जोडिएका दुईवटा सहर जनकपुर र वीरगञ्जमा व्यापारका लागि आवश्यक स्रोत र साधन प्रबन्ध मिलाउन माग गरेका छन् ।

कृषि अनुदान कृषकको खातामा सिधै जानुपर्ने व्यवस्था मिलाउनु पर्ने, बारा तथा पर्सामा औद्योगिक करिडोर कार्यान्वयनमा ल्याउनुपर्ने,

हरेक जिल्लामा उद्योग क्षेत्र निर्माण गर्नुपर्ने, मधेश प्रदेशमा आईटी पार्क निर्माण गर्नुपर्ने प्रदेश सरकारको माग छ ।

# मधेशी कोटामा गैरमधेशीलाई नियुक्ति सिफारिस गरेकोमा मधेशी आयोगको आपत्ति




काठमाडौं । मधेशी आयोगले नेपाल प्रहरी प्रधान कार्यालय र ईलाका प्रशासन कार्यालय, लहानलाई कुन आधारमा गैर-मधेशी समुदायको व्यक्तिलाई मधेशी भनी प्रमणित गरेर मधेशी कोटामा राखेर नियुक्ति सिफारिस गरेको सम्बन्धमा प्रश्न सोधेको छ ।

आयोगले प्रहरी प्रधान कार्यलाय र ईलाका प्रशासन कार्यालय, लहानलाई सोमबार एक पत्र पठाउँदै सिरहा जिल्ला साविक विष्णुपुर कट्टी गा.वि.स हाल धनगढीमाई नगरपालिका-१३ का स्थायी वासिन्दा ईश्वर अधिकारी गैर-मधेशी समुदायको भएपनि मधेशी कोटामा २०८१ मा प्रहरी निरीक्षकको लागि सिफारिस भएको घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको बताएको छ ।

सो पत्रमा आयोगले “मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन-२०७८” प्रकाशित गरिसकेको अवस्थामा गैर-मधेशीलाई कुन आधारमा मधेशी सिफारिस गरी मधेशी कोटामा नियुक्ति दिइएको सम्बन्धमा आधार खुलाएर आयोगलाई जानकारी गराउन भनिएको छ ।

आयोगका अध्यक्ष डा.विजयकुमार दत्तले यो घटनाको बारेमा आफूलाई जानकारी हुनबित्तिकै आयोगले कारवाहीको लागि प्रक्रिया बढाएको बताएका छन् ।

आयोगले एक प्रेस विज्ञप्ति जारी गर्दै गैर-मधेशी समुदायका व्यक्तिलाई मधेशी समुदायको लागि छुट्टयाइएको कोटामा नियुक्ति सिफारिसले मधेशी समुदाय बात प्रतिष्पर्धा गर्ने प्रतिस्पर्धीहरु माथि गम्भीर अन्याय भएको बताएको छ । सो प्रेस विज्ञप्तिमा यस्ता घटनाहरुले मधेशी समुदायका व्यक्तिहरुको मनोबल कमजोर गर्ने आयोगको ठम्याई रहेको उल्लेख गरिएको छ ।

आयोगले गैर-मधेशी समुदायका व्यक्तिलाई मधेशी भनी प्रमाणित नगर्न/नगराउन तथा मधेशी कोटामा गैर-मधेशीलाई सिफारिस नगर्न सम्बन्धित सरोकारवालाहरुलाई सो प्रेस विज्ञप्ति मार्फत सचेत गराएको छ ।

## सम्पादकीय

# ओली सरकारको नियुक्तिहरू असमावेशी

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको बलियो सरकार अर्थात् दुई तिहाइ बहुमत प्राप्त रहेको छ। प्रधानमन्त्री ओलीको यो तेस्रो कार्यकाल पनि हो। नेपालको राजनीतिमा निकम्मा, कमजोर, स्वेच्छाचारी र कलंकित सरकारको रुपमा अगाडि बढिरहेको छ। विश्वकै उत्कृष्ट संविधानको रटान लगाउने ठूला दलहरुको सरकारले गर्ने नियुक्ति पूर्णरुपमा संविधानविपरीत रहेको छ। हालै सरकारले विभिन्न १८ देशका लागि राजदूत सिफारिस गऱ्यो त्यसमा एक जना पनि मधेशी परेनन्। सत्तापक्षको पार्टी, प्रतिपक्षी पार्टी, अन्य राजनीतिक दलहरुलगायत जनता समेत असन्तुष्ट भएको अवस्थामा यो सरकार केको लागि भन्ने प्रश्न चौतर्फी उठेका छन्। कम्युनिष्ट सभ्य, सुसंस्कृत, संगठित, अनुशासित र न्याय सम्पादन गर्न उदाहरणीय व्यक्तित्वको रुपमा चिनिए पनि नेपाली संस्करणको विकृत रुप हेरेर सबैको शिर लाजले झुकेको छ। हुनत नेपाली राजनीतिमा नैतिकता, इमान्दारी, आदर्शको कहीं ठाउँ नभएकोले शासनको जतिसुकै विकृत रुप प्रदर्शन हुँदा पनि क्षम्य रहने कुरा सत्तापक्ष र प्रतिपक्ष सबैले बुझेका छन्।

सत्तामा आएपछि जनताको समस्यालाई सम्बोधन गर्न सदैव तत्पर रहनु पर्ने, कर्त्तव्य बोधका साथ कुशलता देखाउनु पर्नेको सट्टा संविधानविपरीत क्रियाकलापलाई प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पराक्रम सम्झेर बसेको छ। नेपाली जनताको समस्यालाई सम्बोधन गर्नुको सट्टा देशप्रतिको दायित्वबाट पन्छेर केपी शर्मा ओलीले आर्जन गरेको प्रतिष्ठा गुमाउन लागेको भान हुन्छ। जनपक्षीय कार्यहरुको विरुद्ध लागेपछि ओलीको राजनीतिक प्रतिष्ठामा प्रश्न खडा भएको छ। राजतन्त्र जस्तै संविधानभन्दा माथि आफूलाई स्थापित गरी हुकुम प्रमाँङ्गीको भरमा शासन चलाउने महत्वाकाँक्षा पालेको शक्तिशाली भनिने केपी शर्मा ओलीको अवैधानिक क्रियाकलापबाट मधेश असन्तुष्ट भएको छ।

जनताबाट शक्ति पाएर जनप्रतिनिधी सरकारभन्दा शासकको रुपमा स्थापित हुने ओलीको निरंकूश सामन्ती संस्कार पूर्वदेखि देखिँदै आएको हो। जीवनको अन्तिम समयमा केही नयाँ कुरा गरेर गएपछि अनौठो इतिहास बनाउने उनको चाहना रहेको छ। लुटतन्त्रको विरुद्ध शोषणरहित समाजको सृजना गर्ने प्रजातान्तिक समाजवादका तथा साम्यवादका दार्शनिकहरुको आदर्शलाई स्थापित गर्न जनताले अनेकौं लडाई लडेर स्थापित गरे। जो आए राज्यसत्ता अगाडि आत्मसमर्पण नै गरे। दुईतिहाईको नजिक रहेको केपी शर्मा ओलीको सरकारले शुरुवातमा भ्रष्टाचार उन्मूलन गर्ने प्रयासमा लागे पनि सकेन र उनले पनि राज्यसत्ता समक्ष आत्मसमर्पण गरि यथास्थितिलाई कबुल गऱ्यो। त्यसपछिका दिनमा आफ्नो प्रभावका मानिसले भ्रष्टाचार गर्दा प्रधानमन्त्री ओलीले बचाव पक्षका वकील जस्तै बकालतमा लागे।

भ्रष्टाचार गर्ने एक मात्र एजेण्डा बोकेको राज्यसत्ताको परम्परागत चरित्रलाई यी नवागन्तुक परिवर्तनकारी शक्तिहरुले पनि बदल्न सकेन। यसरी नव नेपाल निर्माणको सपना अधुरा छोडि पार्टीहरु धन लाभ गर्ने कुराबाट प्रेरित भए। यसरी देशको धरातलमा देखिएका समस्याहरु ज्यूँकात्यूँ रह्यो र देश फेरि अराजक स्थितिमा देखापऱ्यो। उद्योगधन्दा धराशायी भयो। आर्थिक अवस्था झन्-झन् विकराल हुँदै गएको हो। भगवान भरोसे चलेको नेपालको अर्थतन्त्र कहिल्यै पनि सिस्टमसँग जोडेर अगाडि लगिएन। अर्थतन्त्रलाई गतिशील बनाउने कसैको प्रयास रहेन। विकासको नाममा आएका वैदेशिक सहयोगलाई पनि लक्षित योजनामा ईमान्दारीपूर्वक लगानी हुन दिएन। योजना धेरै खडा गरियो तर त्यसलाई परिणामसम्म जान दिइएन। मानिसहरु धनी बने, देशले केचुली फेर्न सकेन। देशलाई गरिब राखेर नै वैदेशिक सहयोग प्राप्त गर्न सकिन्छ भन्ने सिद्धान्तको रुपमा राज्यसत्ताले सबैलाई सिकायो। सरकारमा आउने जोसुकैले यही सिद्धान्तको परिधीभित्र रहेर शासन चलाए। देश र जनता सधैं दुखी नै रह्यो।

विरासतमा पाएको राज्यसत्ता जुनसुकै सरकारको लागि आस्थाको केन्द्र भएकोले यसको मूल स्वरुपलाई भत्काएर लिइने सुशासन कुनै पनि सरकारको लागि मान्य नभएकोले देश विषम परिस्थितिमा जहिले पनि रह्यो। उत्कृष्ट शासनका लागि ठूला ठूला आन्दोलन भए पनि असलमा त्यो राज्यसत्तामा सहभागी हुने आन्दोलन थियो, परिवर्तनका लागि थिएन। पुराना कमेज फलेर नयाँ कमेज लाउनु पनि परिवर्तन हो। ठीक यही बमोजिम नेपालको परिवर्तनलाई परिभाषित गरिएको छ। जनतालाई अधिकार दिनकुनै कन्जुस्याईं नगरेको उदार शासकहरुको दावा रहेपनि देशमा बढ्दो व्यापारघाटा, आयातको डरलाग्दो अवस्था, रुग्न अर्थतन्त्र र भोका नाङ्गा जनतालाई लुकाउने कुनै ठाउँ नरहेकोले सरकार नाङ्गिएको रत्तिभर लज्जाबोध छैन।

# बंगलादेशी बाछिटाको असर

सडकबाटै हसिना सत्ताच्युत भएका कारण अब उनको दलसँग रहेको दुई तिहाइको कुनै हिसाब-किताब छैन। किनभने, अब बङ्गलादेशको सत्ता उनको हातबाट गुमेको छ।



निमिष झा

दक्षिण एशियाको 'एशियन टाइगर' भनेर चिनिने बङ्गलादेश अहिले चरम राजनीतिक संकटमा फसेको छ। अगस्त ४ का दिन भएको सनसनीपूर्ण घटनाक्रमसँगै प्रधानमन्त्री शेख हसिनाको १५ वर्षे शक्तिशाली शासन ढलेको मात्रै छैन, उनी देश छोडेर भाग्नुपर्ने अवस्था पनि सृजना भएको छ।

१५ वर्षदेखि लगातार सत्तामा रहँदै



आएकी हसिनाको सत्ता ढले पनि अहिले त्यहाँ नोबेल पुरस्कार विजेता मुहम्मुद युसुफ अन्तरिम सरकारको प्रमुख सल्लाहकार बनेका छन्।

हसिना माथि निरंकुश बनेको आरोप विपक्षीहरूको छ। विपक्षीमाथि दमन गरेको, चुनावमा धाँधली गरेको, अभिव्यक्तिको स्वतन्त्रता संकुचित गरेको र आफ्नो माग लिएर आवाज उठाउने जनतामाथि बल प्रयोग गरेर राज्य आतंक मच्चाएको आरोप पनि हसिनामाथि छ।

अन्तत: जनतामा असन्तोष र विद्रोह जागेपछि जस्तोसुकै शक्तिशाली सरकार पनि सडक आन्दोलनकै बलमा ढल्दो रहेछ भन्ने सन्देश हसिनाको बहिर्गमनले दिएको छ। बङ्गलादेशमा सडकबाटै दुई तिहाइ बहुमतको सरकार ढलेपछि दक्षिण एसियामा पनि तरंग उत्पन्न भएको छ। यसको प्रभावबाट दक्षिण एशियामा नेपालमा सबैभन्दा बढी चासो र चिन्ता प्रकट भइरहेको छ।

गत जुलाइदेखि चर्केको विद्यार्थी आन्दोलनमा करिब तीन सय जनाको ज्यान गएपछि आन्दोलनको ज्वाला यसरी दन्कियो कि अन्तिम घडीमा त्यहाँको राष्ट्रिय सेनाले पनि सरकारको साथ छाड्यो। र, अन्तत: सन् १९७५ मा परिवारका सबै सदस्य मारिएपछि राजनीतिमा होमिएकी एक शक्तिशाली शासकको राजनीतिक अवसान हुनपुग्यो।

आन्दोलनले सरकारलाई निस्तेज पारेपछि अन्नत: हसिना हेलिकोप्टर चढेर भारततिर भागिन्। भनिन्छ, उनी अहिले भारत सरकारकै संरक्षणमा छिन्। भारतमै उनी लुकेर बसेकी बताइन्छ।

बङ्गलादेशको ३५० सदस्यीय संसदमा हसिना सभापति रहेको अवामी लिगको एक्लै २७१ सिट छ। यो भनेको दुई तिहाइभन्दा २७ सिट बढी हो। जब कि विपक्षीसँग ७९ सिट मात्रै छ। बङ्गलादेशमा ३५० सदस्यीय संसदमा ३०० सिटमा प्रत्यक्ष निर्वाचन हुन्छ भने ५० सिटमा समानुपातिक एवम् आरक्षणबाट चुनिने संवैधानिक व्यवस्था छ।

सडकबाटै हसिना सत्ताच्युत भएका कारण अब उनको दलसँग रहेको दुई तिहाइको कुनै हिसाब-किताब छैन। किनभने, अब बङ्गलादेशको सत्ता उनको हातबाट गुमेको छ।

हसिना सरकार ढलेपछि अब 'एशियाको टाइगर' मानिँदै आएको बङ्गलादेशको आर्थिक समृद्धि र शान्तिको यात्रामा प्रश्नचिन्ह लागेको छ। लोकतन्त्रमाथि सैन्यकरण र धार्मिक एवम् जातीय अतिवादी खतरा अरु बढ्ने हो कि भन्ने चिन्ता देखिएको छ। किनभने, जननिर्वाचित सरकार ढलेपछि विपक्षी दलहरूले सरकारको नेतृत्व सम्हाल्न नसकेर सेना हाबी भएको छ। यसले त्यहाँको लोकतन्त्रलाई थप खतरामा पार्ने विश्लेषण गरिदैछ।

त्यसो त बङ्गलादेशको सत्ता पलटले नेपालमा के असर पर्छ भनेर विश्लेषण पनि भइरहेको छ। राजनीतिकरूपमा बङ्गलादेशको घटनाले नेपालमा तरंग ल्याएको छ। २०३६ सालमा पाकिस्तानको राजनीतिक घटनाले काठमाडौंमा विद्यार्थी आन्दोलन चर्केपछि निर्दल र बहुदलबीच जनमत संग्रह भएको थियो। २०३६ सालको विद्यार्थी आन्दोलन जस्तै बङ्गलादेशी विद्यार्थीहरू उत्साहित भएर सडकमा सरकारविरुद्ध प्रदर्शनमा ओर्लिए।

तर, जननिर्वाचित बहुमतको सरकार सडक आन्दोलनबाट फालिनु लोकतन्त्रका लागि सुखद घटना भने होइन। हसिनाको सरकार ढलेर अर्को उदार, कम भ्रष्ट र जनमुखी सरकार बन्न सक्छ भन्ने आधार छैन।

बङ्गलादेशको बाछिटा नेपालतिर पनि आइपुग्न सक्छ। नयाँ पुस्ताको आकांक्षा र आवाज पुराना राजनीतिक नेताहरूले नबुझ्ने प्रवृत्ति नेपालमा शासन प्रति जनअसन्तोष बढ्दै गइरहेको छ।

यहाँका जनता लामो समयदेखि शासकसँग रुष्ट छन्। नेपालमा पनि आरक्षण प्रणाली पेचिलो छ। नेपालमा भने आरक्षण प्रणालीबारे तत्काल पुनर्विचार हुने सम्भावना कम देखिन्छ। २०६२-६३ को अन्तरिम संविधानमा केही वर्ष (१० वर्ष) का लागि भनेर लागू गरिएको आरक्षण प्रणाली झण्डै २० वर्षसम्म पनि कायम छ।

२०७२ सालमा जारी भएको नेपालको संविधानमा पनि आरक्षणको व्यवस्था कायम छ। आरक्षणका विषयमा छिटपुट रूपमा असन्तुष्टिका स्वरहरू सुनिन थालेका छन्। यी स्वरहरू तत्कालै आन्दोलनमा परिणत भइहाल्ने अवस्था त देखिँदैन तर यस्तै अवस्था बढ्दै गएमा कुनै दिन नेपालले पनि बङ्गलादेशको नियति भोग्नु नपर्ला भन्न सकिन्न।

राजनीतिक योगदानको मूल्य राज्यबाट असुल गर्ने मानसिकता नेपालमा साझा रोग हो। बङ्गलादेश जस्तै नेपालमा पनि राजनीतिक योगदानको मूल्य असुल गर्ने अनेकौं उपायहरू अपनाइएको देखिन्छ।

राजनीतिक संघर्ष देखे भोगेर हुर्केको पुस्ताले त्यसलाई सहजरूपमा ग्रहण गरे पनि नयाँ पुस्ता राजनीतिक योगदानको सावा ब्याज तिर्न तयार देखिँदैन।

कुनै बेला राजनीतिक संघर्षमा सामेल भए बापत आजीवन राज्यबाट विशेष सुविधा खोज्ने र दिनेहरूले बङ्गलादेशको बबन्डरबाट सिक्नु र आत्मालोचना गर्नु उचित हुनेछ।

नेपालको राजनीति पनि दुई तीन शीर्ष नेताको सेरोफेरोमा घुम्दै आइरहेको छ। यसबाट पनि जनतामा बढ्दो असन्तुष्टि र निराशालाई बेलैमा नेताहरूले बुझ्न सक्नुपर्ने बताए।


त्यसैले बङ्गलादेशको घटना नेपालमा प्रत्यक्ष प्रभाव तत्काल नपार्ने भए पनि यहाँका नेताहरूलाई त्यसले एउटा पाठ अवश्य सिकाएको छ। बङ्गलादेशको घटना नेपालका नेताहरूलाई सुध्रिने अवसर पनि हो। सुध्रिएन भने ढिलो-चाँडो बङ्गलादेशजस्तै अवस्था हुन्छ।

# आन्तरिक रोजगारी सिर्जनामा सहयोग गर्न विश्व बैंकसँग मन्त्री भण्डारीको आग्रह

काठमाडौं। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले आन्तरिक रोजगारी सिर्जना र बाध्यकारी वैदेशिक रोजगारी न्यूनीकरण गर्ने सरकारको योजनामा सहयोग गर्न विश्व बैंकसँग आग्रह गरेका छन्।

श्रम मन्त्रालयमा बिहीबार विश्व बैंकका देशीय निर्देशक डेभिड सिस्लेनले गरेको भेटमा उनले आन्तरिक रोजगारीलाई दिगो बनाउने र बाध्यकारी वैदेशिक रोजगारी अन्त्य गर्ने सरकारको योजना रहेको जानकारी गराएका हुन्।

भेटमा श्रममन्त्री भण्डारीले स्थानीय तहमा



रहेका सबै रोजगार सेवा केन्द्रलाई सुदृढीकरण, विकास साझेदारलगायतसँगको सहकार्य तथा प्राविधिक सहयोगमा 'जब हब'का रुपमा विकास गरिने बताए।

निर्देशक सिस्लेनले आन्तरिक रोजगारी सिर्जनामा 'देशीय साझेदारी कार्यक्रम'मार्फत सहयोग गर्न विश्व बैंक सदैव तयार रहेको बताए।

सो क्रममा उनीहरुबीच आन्तरिक रोजगारी वृद्धि र रोजगार सेवा केन्द्रको दीगोपना तथा सबलीकरण गर्ने सम्बन्धमा छलफल भएको श्रम मन्त्रालयका प्रवक्ता गोविन्दप्रसाद रिजालले जानकारी दिए।

# जनताको विश्वास हामीमाथि निरन्तर बढ्दै गइरहेको छ



## कौशल कुमार सिंह

**नेता, राष्ट्रिय मुक्ति क्रान्ति**

**० बंगलादेशमा भएको घटनाक्रमलाई कसरी हेरिरहनुभएको छ ?**

– बंगलादेशमा भएको घटना, श्रीलंकामा भएको घटना र यस्ता अन्य देशहरुमा पनि भए । यस्तै प्रकृतिका घटना अमेरिकाको राष्ट्रपतिबाट डोनाल्ड ट्रम्प हट्दा राष्ट्रपति भवनमा त्यहाँका उत्तेजक भीडले त्यस्तै ताण्डव गरेका थिए । राजनीतिमा यसप्रकारका अराजकताहरु हुन्छन् । बंगलादेशमा भइरहेको विद्रोह विचारविहीन हो । त्यो विद्रोहको कुनै विचार र उद्देश्य छैन । अराजक भीड जब उत्तेजित भइहाल्छ, त्यो ठाउँमा कानूनले घुँडा टेक्नुपर्छ । श्रीलंका र बंगलादेशमा त्यहीं भएको हो । बंगलादेशमा जुन भइरहेको छ, त्यसको पछाडि पनि केही कारणहरु छन्, जसले गर्दा भीड अराजक भइरहेको हुन्छ र उद्देश्यविहीन बाटोमा अगाडि बढ्न थाल्छ । शासन सत्ताले जब गलत कामहरु गर्दै जान्छ तब जनआक्रोशले विद्रोहको रुप लिन्छ । त्यो विद्रोहले जस्तोसुकै शासनसत्तालाई ढाल्छ, त्यहीं बंगलादेशमा भएको हो ।

**० बंगलादेशको घटनाले नेपालमा पनि केही प्रभाव पार्छ ?**

– हामीले राष्ट्रिय मुक्ति क्रान्ति त भनिरहेकै छौं । अहिलेको संविधान, कानून र सिस्टम असफल भइसकेका छन् । यिनीहरु शासन गर्न लायकै छैन । यिनीहरुले बनाएको संविधान र कानूनले देश प्रगति गर्न सक्दैन । अहिले युवाहरु +२ पास गर्छन् र विदेशतिर लाग्छन् । भनेपछि यो देशलाई यिनीहरुले जर्जर अवस्थामा पुऱ्याइसकेका छन् । अहिले शासनसत्तामा रहेका नेताहरु डेट स्पाइर भइसकेका छन्, तिनीहरुबाट केही हुनेवाला छैन । हामी सिस्टम बसाल्न खोजेका छौं । हामी विचार र उद्देश्यसहितको सत्ताको कुरा गर्दैछौं । कतिपयले राजाको कुरा गर्दैछन् । बगिसकेको खोला फर्किंदैन, इतिहास दोहोरिँदैन, नयाँ इतिहास रचिन्छ । त्यहीं नयाँ इतिहास रच्नका लागि राष्ट्रिय मुक्ति क्रान्ति एउटा एजेण्डासहित अगाडि बढिरहेको अवस्था छ । राजनीति सँगसँगै आर्थिक उन्नतिको कुरा हामी गरिरहेका छौं ।

**० नेपालमा अहिले जुन किसिमको असन्तुष्टि बढ्दै गएको छ, त्यसले बंगलादेश र श्रीलंकाजस्तै अवस्था आउँदैन र ?**

– तुरुन्तै त्यस्तो अवस्था आउने देखिएको छैन । किनभने कतिपयले नेपालमा अराजकता मचाउन प्रयास गरेकै हुन् तर नसकेका हुन् । देशको त्यस्तो कुरा राम्रो होइन । सत्ता सञ्चालकहरु भ्रष्ट, गलत छन् भने त्यसलाई हटाउनका लागि राजनीतिक बाटो नै चाहिन्छ । गैरराजनीतिक तरिकाले हटाएपछि अर्को संकट खडा हुन्छ ।

**० राष्ट्रिय मुक्ति क्रान्तिले विभिन्न चरणका कार्यक्रमहरु सम्पन्न गरेको छ । आगामी योजना के छ ?**

– हामीले देशव्यापीरुपमा एकमहिने एक सय वटा कार्यक्रम सम्पन्न गऱ्यौं । हामीले आगामी रणनीति तयार गर्दैछौं । संविधान जारी भएको दिन असोज ३ लाई हामीले कालो दिनको रुपमा मनाउने तयारी गरिरहेका छौं । शासकवर्गका लागि असोज ३ संविधान दिवस हो, हाम्रो लागि त कालो दिवस नै हो । किनभने मधेशी जनताको टाउको र छातीमा गोली ठोकेर यो संविधान बनाइएको हो । त्यसैले यो संविधान दूषित हो, दूषित संविधानले कहिल्यै पनि स्वच्छता प्रदान गर्न सक्दैन ।

**० तपाइँहरुले देशव्यापी कार्यक्रम लिएर जनताका बीच जाँदा राष्ट्रिय मुक्ति क्रान्तिलाई जनताले कसरी लिएका छन् ?**

– हाम्रो देशव्यापी कार्यक्रमहरुमा हजारौंहजारका आमनागरिकको सहभागिता रह्यो । हाम्रो एक सय कार्यक्रममा लाखौं नागरिक राष्ट्रिय मुक्ति क्रान्तिमा जोडिए । हाम्रो अभियानबारे जनताले बुझिरहेका छन् । हाम्रो नेतृत्व र विचारलाई विश्वास गरेर आमनागरिक आफै समर्थन जनाउन आइरहेका छन् । त्यसैले जनताको विश्वास हामीमाथि निरन्तर बढ्दै गइरहेको छ । अधिकार र पहिचानविहीन जनताहरु छन्, जसलाई राज्यसत्ताले दबाएर राखेको छ, तिनीहरुको अधिकार र पहिचानका लागि बहुलराष्ट्रिय राज्यको परिकल्पना गरेका छौं । नेपालमा रहेका विभिन्न राष्ट्रियताहरुलाई स्वायत्तता प्रदान गरेर शासन व्यवस्था सुरु गर्ने हो । स्वदेशवाद हाम्रो राजनीतिक दर्शन हुनेछ । सबै राष्ट्रियताहरुलाई बलियो बनाउँदै अधिकार सम्पन्न बनाउने नीति प्रतिपादन गर्छौं ।

**० आमनागरिकले राष्ट्रिय मुक्ति क्रान्तिलाई वैकल्पिक शक्तिको रुपमा लिइरहेका छन् ?**

– निश्चितरुपमा राष्ट्रिय मुक्ति क्रान्ति वैकल्पिक शक्ति नै हो । अहिलेका सबै दलहरु सत्तामुखी हुन् । उनीहरु पद र पैसाको खेलमा मात्रै रमाइरहेका छन् । अहिलेका सबै संसदवादी दलहरुका लागि पद र पैसा नै सर्वोपरी हो । जनताको काम गर्ने अहिले राष्ट्रिय मुक्ति क्रान्ति मात्रै हो । हामी सडकमा छौं र राष्ट्रलाई विकल्प दिन्छौं भनेर अगाडि बढिरहेको छ । पश्चिमा संस्कृतिअनुसार चलिरहेको सत्तालाई चुनौति दिएर हामी बहुलराष्ट्रिय राज्य स्थापना गर्छौं, स्वदेशवादको दर्शन स्थापना गर्छौं र सामुदायिक समाजवादलाई अगाडि बढाउँछौं ।

**० तपाइँहरुले बहुल राष्ट्रिय राज्य स्थापनार्थ राष्ट्रिय मुक्ति क्रान्ति भन्नुभएको छ । सडकबाटै तपाइँहरु बहुलराष्ट्रिय राज्य स्थापना गर्न सक्नुहुन्छ ?**

– संसारमा सत्ता परिवर्तनका दुईटा नियम छन्, बन्दुकबाट सत्ता कब्जा हुन्छ र अर्को सत्ता परिवर्तन जनआन्दोलनबाट हुन्छ । हाम्रो उद्देश्य जनआन्दोलन हो । जनताले सिंहदरबार कब्जा गर्छ ।

**० कांग्रेस-एमालेसहितको दुईतिहाइ बहुमतको सरकार संविधानको एजेण्डा ल्याएको छ, कसरी हेर्दै हुनुहुन्छ ?**

– जनतालाई झुक्याउनका लागि संविधान संशोधनको एजेण्डा अहिलेको गठबन्धन सरकारले ल्याएको हो । यिनीहरुका विभिन्न काण्डहरु बाहिर आउन लागेको थियो । त्यसबाट बच्नका लागि यिनीहरु रातारात गठबन्धन गरेर सत्ता परिवर्तन गरे । संविधान संशोधन देखाउनका लागि मात्रै हो । विभिन्न भ्रष्टाचारका आरोपितहरु अहिले सरकारमा छन् । यिनीहरुले यदि संविधान गरे भने पनि जनताको हितमा हुने छैन । स्वार्थका लागि मात्रै कांग्रेस र एमाले एक ठाउँमा आएका हुन् । जुन तिनीहरुको स्वार्थ मिल्दैन, त्यो दिन यो दुई तिहाइ बहुमतको सरकार पनि ढल्छ । बाध्यतावश दुईटा ठूला दल एक ठाउँमा आएका हुन् । त्यसैले देशलाई निकास दिनका निम्ति राष्ट्रिय मुक्ति क्रान्ति मात्र एक विकल्प हो ।

**० संसदमा रहेका मधेशका दलहरु पनि यो सरकारलाई समर्थन गरेका छन् नि ?**

– तिनीहरु सबै सत्ता र भत्ताका लागि मात्रै राजनीति गरिरहेका छन् । यिनीहरुले मधेश वा देशको समस्या समाधानभन्दा पनि आफ्नो स्वार्थका लागि कहिले कांग्रेस त कहिले एमालेको पिछलग्गु बन्दै आएका छन् । यिनीहरुको एउटा मात्रै उद्देश्य हो सत्ता र पैसा कमाउने । अहिले केही उडन्ते नेताहरु पनि आएका छन्, जसले काम कम स्टन्टबाजी बढी गरिरहेका छन् । तिनीहरुलाई सफाया गरेर नयाँ नेतृत्व स्थापित गर्ने हो भने मात्र यो देशलाई नयाँ दिशा लिन्छ र अगाडि बढ्छ । त्यसको नेतृत्व राष्ट्रिय मुक्ति क्रान्तिले गर्छ । यसका लागि आफ्नो स्पष्ट एजेण्डासहित राष्ट्रिय मुक्ति क्रान्ति अगाडि बढिरहेको छ ।

# मैले अलिकति पनि भ्रष्टाचार गरेको प्रमाणित भयो भने राजनीति छोडिदिन्छु



## संजयकुमार यादव

**मधेश प्रदेशका सांसद, पूर्वअर्थमन्त्री एवं जसपा नेपालका नेता**

**० तपाइँ अर्थमन्त्री रहँदा स्थानीय तहहरुमा पठाएको अनुदान तथा रकमान्तरसहित विषयमा प्रदेशसभाबाट गठित छानबिन समितिले प्रतिवेदन सार्वजनिक गऱ्यो, तपाइँले त्यसको विरोध गर्नुभएको छ । किन ?**

– आर्थिक वर्ष २०७९/८० मा तत्कालीन मधेश प्रदेश सरकारले गरेका सम्पूर्ण कामहरुको बारेमा छानबिन होस् भनेर सदनमा विषय उठेपछि हामीले तत्कालै स्वीकार गरेर छानबिन समिति बनाएका थियौं । त्यो छानबिन समितिले दुई महिनाभित्र सदनमा प्रतिवेदन प्रस्तुत गर्नुपर्ने थियो । त्यो समितिमा सबै दलका सदस्यहरु थिए । असारको २६ गते समिति गठन हुन्छ, त्यसको अर्को दिनदेखि नै मेरो नाम इंगित गरेर विभिन्न सञ्चार माध्यमहरुमा समाचार आउन थाल्यो । समितिले पूर्णता नपाउँदै, कार्यविधि नबनेको अवस्थामा मेरोप्रति पूर्वाग्रही भएर मेरो राजनीतिक चरित्र हत्या गर्ने प्रोपोगण्डा सुरु भयो । व्यक्तिगत रिइस्वी साँध्न मेरा विरुद्ध कपोल्कल्पित मिडिया ट्रायल भयो । ती समाचारहरुमा स्रोत समितिका सभापति, सदस्यहरु राखिन्छ । कुनै पनि संसदीय समिति भनेको बडो संवेदनशील हुन्छ, उसले आफ्नो काम सम्पन्न गरिसकेपछि बाहिर ल्याउनुपर्ने हुन्छ । छानबिन पूरा नहुँदै मिडिया ट्रायलका लागि मेराविरुद्ध प्रचारबाजी गरियो । त्यो कुण्ठित प्रतिवेदन हो, त्यसमा कहीं पनि एक रुपैयाँ पनि अनियमितता भएको ठहर गरेको छैन । समितिमा १० जना छन् तर ९ जनाले त्यो प्रतिवेदन हेरेकै छैन । समितिमा प्रतिवेदनबारे छलफल नै नभइकन सभामुखलाई पठाइयो । त्यो प्रतिवेदनमा सदस्यसचिव वा कुनै सदस्यको पनि हस्ताक्षर छैन ।

**० छानबिनका सभापतिले तपाइँसँग रिइस्वी साँध्नकै लागि मिडिया ट्रायल गर्नुभयो त ?**

– बिल्कुल । व्यक्तिगत, रोष, आवेश, कुण्ठा साँध्नका लागि मेराविरुद्ध दुष्प्रचार गराए । कोही मेरो प्रतिस्पर्धी र दुर्भाव हुनसक्छ । तर त्यो पोख्नका लागि कुनै समितिमार्फत गर्न त भएन नि । त्यो प्रतिवेदनलाई अध्ययन गर्नुस्, त्यसमा कहीं पनि मलाई दोषी ठहराइएको छैन । त्यो सुझावात्मक प्रतिवेदन आएको छ । विनियोजन ऐनले दिएको अधिकार प्रयोग गरेर हामीले बजेट दिने हो । उहाँको असन्तुष्टि केमा रहेको छ भने कुनै पालिकामा बजेट बढी गयो र कुनैमा कम गयो । सशर्त अनुदानको कार्यविधिमा स्पष्ट व्यवस्था गरेको छ । कुनै पालिकाको आवश्यकता, औचित्यता, विकासको अवधारणा र अवस्थाको आधारमा बजेट विनियोजन हुने हो । तर, मेरो राजनीतिक चरित्रमाथि दाग लगाउने दुष्प्रयास गरिएको छ । त्यो समितिले दुई महिनामा प्रतिवेदन दिनुपर्ने तर १४ महिनापछि दिएको छ, त्यो एक जनाले मात्रै तयार पारेर कुनै विधि प्रक्रिया अपनाएको छैन । त्यसप्रति हाम्रो आपत्ति हो ।

**० त्यो प्रतिवेदनमा कानूनविपरीत रकमान्तर गरेको भन्ने समाचारहरु आएको छ नि ?**

– प्रतिवेदनमा कहीं पनि कानूनविपरीत रकमान्तर गरेको वा अनियमितता भएको भन्ने छैन । मेरो राजनीतिक चरित्रसँग खेलवाड गर्न र हाम्रो पार्टीलाई बदनाम गराउनका लागि मिडिया ट्रायल गरिएको छ । विनियोजन ऐनले भनेको छ कि सम्बन्धित मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयले विनियोजन गर्नेछ । अनि अर्थ मन्त्रालयले सिधै कसरी रकमान्तर गर्छ त ? यसबाट प्रष्ट हुन्छ कि छानबिन समितिका सभापति कतिको पूर्वाग्रह र कुण्ठाबाट ग्रसित हुनुहुन्छ । अर्थ मन्त्रालयले त विभागीय मन्त्रालयबाट मागको आधारमा रकमान्तर गर्ने हो । त्यो सामान्य विषयको पनि हेक्का नराखेर स्टन्ट गर्ने, बदनाम गराइदिने, राजनीतिकरुपले चरित्र हत्या गरिदिने मानसिकताका साथ मिडिया ट्रायल गरियो । रकमान्तरमा व्यापक अनियमितता भयो भनेर प्रचार गराइएको छ, तर प्रतिवेदनमा पनि लेख्नुपर्दथ्यो नि ।

**० छानबिन समितिका सभापति उपेन्द्र महतोसँग तपाइँको कुनै व्यक्तिगत रिइस्वी छ कि ?**

– यो प्रश्न त उहाँसँग सोध्नुपर्ने हो । तर, उहाँसँग मेरो व्यक्तिगत कुनै रिइस्वी वा कुण्ठा छैन । दलीय व्यवस्थामा दलीय प्रतिस्पर्धा हुन्छ । आफूले राम्रो काम गरेर भन्दा पनि अरुलाई तल देखाएर आफूलाई माथि देखाउने मानसिकताबाट हाम्रो समाज ग्रसित छ । अलिकति पनि मैले भ्रष्टाचार गरेको प्रमाणित भयो भने राजनीति गर्न छोडिदिन्छु ।

**० तपाइँले यो प्रतिवेदनको विरोध गरिसक्नुभयो, अब यो प्रतिवेदनको के हुन्छ ?**

– मैले मात्र होइन, सदनका अधिकांश सदस्यहरुले घोर आपत्ति जनाएका छन् । अर्को कुरा प्रतिवेदनमा कहीं पनि मलाई दोषी देखाइएको छैन । सुधार गर्नेपर्ने सुझावहरु छन् । सुधार गर्नुपर्ने कुरालाई हामीले आत्मसात गर्नुपर्छ । अझै पनि कानूनहरु बनाउन बाँकी छन् । अहिले पनि गठबन्धनको सरकार छ । त्यो प्रतिवेदन अब सदनको सम्पत्ति हो, त्यसलाई सभामुखले अगाडि बढाउनुहुन्छ । त्यो प्रतिवेदन एउटा सुझावात्मक मात्र हो, त्यसमा कहीं पनि अनियमितता वा भ्रष्टाचार भएको उल्लेख भएको छैन ।

**० जसपा नेपालले करिब साढे ६ वर्षसम्म निरन्तर मधेश प्रदेश सरकारको नेतृत्व गऱ्यो । त्यो अवधिमा व्यापक भ्रष्टाचार भयो, बिना कमिशन योजना दिइँदैन भनेर आरोपहरु लागेका छन् । त्यसमा पनि तपाइँका पार्टीका एकजना पूर्वनेता वर्तमान संघीय सरकारका मन्त्रीले नै सार्वजनिक रुपमा आरोप लगाउनुभएको छ नि ?**

– हाम्रो पार्टी फुटाएर मन्त्री खान पल्केका ती मन्त्रीको मानसिक दरिद्रता हो । हिजो हाम्रो पार्टीमा हुँदा दलका नेताको वान्तालाई अमृत मानेर रसपान गर्ने तर व्यक्तिगत स्वार्थका लागि पार्टी फुटाएर गएपछि त्यहीं दलको नेतालाई तथानाम गाली गर्ने प्रवृत्तिलाई हामीले के भन्ने । आजसम्म जुन हैसियतमा हुनुहुन्छ, त्यो त जसपा नेपालले गर्दा भएका थिए । हिजोसम्म पार्टीमा रहँदा भन्न सक्नुपर्दथ्यो नि । अर्को कुरा ६ वर्ष जसपाले मधेश सरकारको नेतृत्व गऱ्यो । विगतका ६ वर्ष र अहिलेको सरकारले गरिरहेको कार्यको तुलना गर्नुस् । हाम्रो पालामा सदनबाट करिब ५८ वटा विधेयकहरु पास भयो । थुप्रै ऐनहरु निर्माण भएका छन्, ठूलठूला विश्वविद्यालयहरु बनेका छन् । सबै प्रादेशिक अस्पतालहरुलाई स्तरोन्नति गरिएको छ । भ्रष्टाचारमा शून्य शहनशीलता हाम्रो स्पष्ट मान्यता छ । संघीयताको जननी मधेश प्रदेशलाई जसरी पनि बदनाम गराउन राज्यका सम्पूर्ण संयन्त्र लागिपरेर हाम्रो पार्टी फुटाइयो, हामीलाई कमजोर बनाउन खोजियो ।

**० अहिले मधेशको मन्त्रिमण्डल २० सदस्य बनाइएको छ, यसलाई कसरी हेरिरहनुभएको छ ?**

– यो कुर्सीवाला सरकार हो भनेर हाम्रो विद्यार्थी युवा संगठनले जनकपुरधाममा कुर्सी रैली निकाल्यो । लाल मोफलर र टाई लगाएर १० लाख रोजगारी दिने बकम्फुसे कुरा गर्ने, स्टन्टबाज गर्ने, मधेश स्वराजको कुरा गर्ने यो गफाडी सरकार हो । गफाडी नेताहरुले बनाएको सरकारको सुशासन त देखियो नि । राज्यको ढुकुटी बाँडीचुँडी खाउ भनेर यो सरकार बनेको हो । अर्को कुरा, सदनमा हामी सशक्त प्रतिपक्ष छौं । हामलि भनेका छौं कि राम्रो काम गर्नुस्, रचनात्मक काम गर्नुस्, प्रदेशको हितमा काम गर्नुस्, हाम्रो सहयोग र साथ रहन्छ । हामी अराजक होइनौं ।

**० जसपा नेपालको महाधिवेशनमा तपाइँहरुको प्रमुख शत्रु जनमत पार्टीलाई भन्नुभएको छ नि ?**

– जसपा नेपालको महाधिवेशनमा लाखौं जनताले सहभागिता जनाएका थिए । अहिले पनि मधेशी जनताको विश्वास जसपा नेपाल र हाम्रा अध्यक्ष उपेन्द्र यादवमाथि नै छ । राजनीतिक प्रतिवेदनमा हामीले जनमत पार्टीलाई भनेका छैनौं । हाम्रा साथीहरुको सुझाव थियो कि मधेश प्रदेश र संघीयतालाई कमजोर गर्न जनमत पार्टी प्रयोग भइरहेको छ । संघीयता विरोधीहरुसँग जनमत पार्टीको साँठगाँठ छ । जनमत पार्टीको कुनै स्पष्ट भिजन, नीति कार्यक्रम छैन । मधेशी जनतामा भ्रम फैलाएर आएको छ । त्यो दल त हाम्रो कुनै प्रतिस्पर्धा नै छैन । मधेशी जनताले बुझिसकेका छन् । मधेश र संघीयतालाई कमजोर पार्नका लागि जनमत पार्टी आएको हो भनेर हाम्रा केही साथीहरुले प्रतिक्रिया दिएका थिए ।

# प्रधानमन्त्रीलाई मुख्यमन्त्रीले बुझाएको ज्ञापन

सम्माननीय प्रधानमन्त्री ज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बिषय : माग सम्बन्धमा ।
सम्माननीयज्यू,

नेपालको संविधानले परिकल्पना गरेबमोजिम सात वटा प्रादेशिक सरकारले आफ्नो प्रदेशको विकास निर्माणका लागि अहोरात्र खटिरहेको यहाँलाई अवगत नै छ । मुलुकको सात वटा प्रदेश सरकारमध्ये मधेश प्रदेश सरकार स्रोत साधनको हिसाबले अत्यन्तै पछाडि परेको अवस्था छ । अहिलेको गठबन्धनको सरकारले मधेश प्रदेशको विकासका लागि चिन्तित रहेको पनि कसैबाट लुकेको छैन । मधेश प्रदेशको विकासका निम्ति दिर्घकालिन सकारात्मक असर पार्ने केही योजनाहरुलाई हामीले अघि सारेका छौं । ती योजनाहरुको कार्यान्वयनमा नेपाल सरकारको साथ र सहयोगको अति आवश्यक रहेको हुनाले तपसीलमा उल्लेखित मागहरु पूरा गरिदिनु हुनका लागि सादर अनुरोध गर्दछु ।

भागहरु

१) जानकी मन्दिर विकास कोषको स्थापना तथा जानकी मन्दिर, राम मन्दिर प्राङ्गणको सौन्दर्यकरण गर्नु पर्ने
२) हुलाकी राजमार्गअन्तर्गत कमला पुल लगायत अन्य पुल निर्माण कार्य पुरा गरि हुलाकी राजमार्गको कार्य शीघ्र हुनुपर्ने
(३) निर्माणाधीन पुर्व पश्चिम रेलमार्ग प्रदेशका प्रमुख शहरसँग सम्पर्कको व्यवस्था हुनुपर्ने



४) जनकपुर जयनगर रेल्वे यातायातमा मालवाहक सेवाको लागि मालवाहक रेलको व्यवस्था हुनुपर्ने
५) जनकपुरधाम स्थित १२ बिघा ( रङ्गभूमि) लाई सुव्यवस्थित गर्न आवश्यक पहल हुनुपर्ने
६) मधेश प्रदेशका आठवटा जिल्लाहरू भारतीय नाकासँग जोडिएको हुनाले पर्यटक भित्र्याउन पर्यटकीय कोरिडोरको निर्माण हुनुपर्ने
७) कमला नदीको बगरमा बगर खेतीका लागि आवश्यक आधुनिक प्रविधि तथा स्रोत साधनमा सहयोग
८) भारतीय रेल नेटवर्कसँग जोडिएका दुईवटा सहर जनकपुर र बिरगञ्जमा व्यापारका लागि आवश्यक स्रोत र साधन प्रबन्ध मिलाउन
९) कृषि अनुदान कृषकको खातामा सिधै जानुपर्ने व्यवस्था मिलाउनु पर्ने
१०) प्रदेश स्तरमा Trade and Export Centre सञ्चालन गर्नुपर्ने
११) बारा तथा पर्सामा औद्योगिक करिडोर कार्यान्वयनमा ल्याउनुपर्ने
१२) हरेक जिल्लामा Industrial Area निर्माण गर्नुपर्ने
१३) मधेस प्रदेशमा IT Park निर्माण गर्नुपर्ने
१४) बीरगञ्ज Dry Port पूर्ण क्षमतामा सञ्चालन भइरहेको यसको क्षमतालाई बढाउनुपर्ने
१५) Shipping Company हरु नेपालमा दर्ता नभएको र पोर्ट अपरेटरहरू तथा सबै सर्भिस प्रोभाइडर विदेशी भएकाले Logistic Cost बढी हुने गरेको छ, यसलाई कम गर्न दर्ता प्रक्रियालाई अगाडि बढाउनुपर्ने
१६) Custom Point T Money Exchange Counter, Rate Display, Tourism Information Centre, VAT Refund Centre tyf Easy Restaurant को व्यवस्था मिलाउनु पर्ने
(१७) हालका लागि भारतीय पर्यटकहरूलाई रु २५००० नगद ल्याउने सुविधालाई बढाएर दुई लाख भारतीय रुपैयाँ ल्याउन अनुमति प्रदान गर्ने
१८) भारतीय पर्यटकहरूले प्रयोग गर्ने भारतीय नम्बरको सवारी साधनलाई दिइने इजाजतको सुविधालाई अनलाइन मार्फत गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने
१९) Trade & Export Permission Council को Unit लाई प्रदेश स्तरमा कार्य गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने
२०) श्रम अदालतको सेवा विस्तार गर्नुपर्ने
२१) राजविराज विमानस्थलबाट Mountain Flight मात्र १० मिनेट लाग्ने भएकाले Mountain Flight सुचारु गर्नुपर्ने
२२) G to G मार्फत सिमेन्ट कम्पनीले भारतको मार्केटमा पहुँच पुर्‍याउन संघीय सरकारबाट आवश्यक पहल हुनुपर्ने ।

सतिश कुमार सिंह
मुख्यमन्त्री, मधेश प्रदेश

# वैद्यसँग किन फुटे बास्तोला, यस्तो छ कारण

काठमाडौँ । नेकपा (बहुमत)का महासचिव धर्मेन्द्र बास्तोलाले विचारधारात्मक रुपमा फरक भएका कारण मोहन वैद्यसँगै अगाडि जान नसकिएको बताएका छन् । 'वर्ग संघर्षलाई नयाँ उचाईमा उठाउन किरण कमरेडले नेतृत्व गरेको पार्टी र हाम्रो पार्टीबीच भएकता भएको हो । तर, उहाँ जडसुत्रवादी सोँचभन्दा माथि उठ्न सक्नु भएन । युवाले कम्प्युटर मागेको छ, हसिया दिएर घाँस काट्न पठाउने वैद्य कमरेडको तरिकाले एकता सफल हुन सकेन' बास्तोलाले भने ।

बुधबार संवाद डबलीमा आयोजना गरिएको पत्रकार सम्मेलनमा बोल्दै बास्तोलाले विचारधारात्मक रुपमा पुनर्गठन गर्दै वर्ग संघर्षलाई अगाडि बढाउने बताए । उनले विचार मिल्नेसँग एकता र सहकार्यलाई जारी राख्ने समेत बताए ।

बास्तोलाले नेपाली काँग्रेस र नेकपा एमाले पश्चगामी शक्ति भएको बताउँदै उनीहरुले संविधान संशोधनको नाममा पछाडि फर्किन खोजेको दाबी समेत गरे ।

'नेपाली काँग्रेस र एमाले पश्चगामी राजनीतिक पार्टी हुन्, गणतन्त्र ल्याउन यी पार्टीका मुख्य नेताहरुको कुनै भूमिका छैन, अहिलेको परिवर्तन उनीहरुलाई मन परेको छैन, संविधान संशोधनको नाममा २०४७ भन्दा पछाडि फर्किन चाहन्छन्' बास्तोलाले भने ।

काँग्रेस-एमाले भ्रष्टाचारका काण्डैकाण्ड घटाएका आएको बताउँदै बास्तोलाले भने,'काँग्रेस र एमाले नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर पैसा कमाउने पार्टी हुन्, राष्ट्रिय सम्पत्ति बेचेर खानेदेखि भ्रष्टाचारका ठूलाठूला काण्डा उहाँहरुकै पालामा भएका छन्, जसले देशलाई यो अवस्थामा पुर्‍याएको छ ।'

## मधेश अपडेट

### शास्त्रीय संगीतका गुरू कामतको निधनको शोकमा राष्ट्रिय झण्डा झुकाइयो

जनकपुर । शास्त्रीय संगीतका गुरु गुरुदेव कामतको निधनको शोकमा मधेश प्रदेश सरकारले आइतबार राष्ट्रिय झण्डा आधा झुकाएको छ । सिरहाको पतारी गाउँपालिका-२ पोखरभिण्डास्थित आफ्नै निवासमा शास्त्रीय संगीतका गुरु कामतको गत बिहीबार निधन भएको थियो । कामतको असामयिक निधनले स्तब्ध भएकाले सम्मानका लागि प्रदेश सरकारले आधा झण्डा झुकाउने निर्णय गरेको थियो । आइतबार दिनभर आधा झण्डा झुकाएर सबै मन्त्रालयलाई कामकाज गर्न निर्देशन मधेशका मुख्यमन्त्री सतिश कुमार सिंहले निर्देशन दिएका थिए । शोक वक्तव्य जारी गर्दै मुख्यमन्त्री सिंहले भनेका छन्, 'गुरुदेव जीको साङ्गीतिक आराधना र उपासनाको यात्रा अत्यन्त कठिन र सङ्घर्षपूर्ण रहँदै आयो, तर पनि जीवनको कठोरतम क्षणसँग लड्दै शास्त्रीय तथा सुगम सङ्गीत परम्परालाई थप सृजनात्मक र उत्कर्षोन्मुख बनाउन उहाँ लागिरहनुभयो ।'

### मधेश विभूति घोषणाका लागि दबाब

जनकपुरधाम । राष्ट्रिय एकता अभियानका नेता मनीष पुर्वे र पंकज झाको नेतृत्वमा स्व. गुरूदेव कामतलाई मधेश विभूति घोषणाको माग गर्दै जनकपुरधाममा दवाव कार्यक्रम आयोजना गरिएको छ। उक्त कार्यक्रममा मधेश प्रज्ञा प्रतिष्ठानका प्रमुख रामभरोस कापडीले गुरूदेव कामतको अपमान गरेको भन्दै सहभागीहरूले कापडीको पुत्ला दहन गरेका थिए। कार्यक्रममा सहभागीहरूले "गुरूदेव कामतलाई प्रदेश विभूति घोषणा गर," "गुरुदेव कामतको अपमान कार्य बन्द गर," "राम भरोस कापडी राजीनामा देउ," "मधेश प्रज्ञा प्रतिस्ठान मुर्दावाद," र "मधेस सरकार मुर्दावाद" जस्ता नारा लगाउँदै विरोध प्रदर्शन गरे। नेता मनीष पुर्वेले गुरूदेव कामतले मधेशका लागि कला र सङीतको माध्यमबाट महत्वपूर्ण योगदान गरेको उल्लेख गर्दै उनको सम्मान गर्न प्रदेश सरकारले उनलाई विभूति घोषणा गर्नुपर्ने माग गरे। प्रदर्शनकारीहरूले रामभरोस कापडीको नेतृत्वमाथि असन्तुष्टि जनाउँदै तुरुन्तै उनको राजीनामा माग गरे। कार्यक्रममा सहभागीहरूले रामभरोस कापडीले गुरूदेव कामतको योगदानको अवमूल्यन गरेको आरोप लगाउँदै यस प्रकारको गतिविधिले मधेशको गौरवलाई ठेस पुर्‍याएको बताए ।

### मटिहानीमा झुला पर्व सुरू

महोत्तरी । जिल्लाको मटिहानी नगरपालिका-७ मा अवस्थित प्रसिद्ध लक्ष्मीनारायण मठमा परम्परागत रुपमा मनाइँदै आएको पौराणिक झुला पर्व सुरु भएको छ । आउँदो पूर्णिमाको दिनसम्म मनाइने झुला पर्वका अवसरमा लक्ष्मीनारायण मठ मटिहानीबाट प्रत्येक दिन साँझपख कलात्मक पालकीमा बाजागाजाका साथ भगवान रामसीताको मूर्ति राखी भजनकीर्तन गर्दै झुलाघरमा लगिन्छ भने अबेर रातिसम्म झुला झुलाइन्छ । महोत्तरीको लक्ष्मीनारायण मठ, धनुषाको जनकपुरधामस्थित राममन्दिर र जानकी मन्दिर, सर्लाही, सिराहा, सप्तरी र भारतको तिरहुत क्षेत्र विहारका विभिन्न मठ मन्दिरमा झुला पर्व धुमधामका साथ मनाइने परम्परा छ । भगवान रामसीता साउन महिनामा यसै गरी झुला झुलेको सम्झना गर्दै झुलनोत्सव मनाइने गरिन्छ । सो झुलाको अवसरमा मटिहानीमा मेलाको आयोजना गरिएको छ । मेला हेर्न र भगवान् रामसीताको झुलनोत्सवमा सहभागी हुन प्रत्येक दिन साँझदेखि अबेर रातिसम्म नेपाल भारतका श्रद्धालुको घुइँचो लाग्छ । सांस्कृतिक परम्पराका रुपमा मनाइने यो पर्वमा झुलाका लागि सिंहासनको निर्माण गरी सजाइएको गद्दीमा रामसीता लक्ष्मीनारायण लगायतका मूर्ति बाजागाजाका साथ झुलाउने परम्परा छ । मिथिला क्षेत्रमा कृषि रोपाइँ सकिने बित्तिकै झुला पर्वको रौनक सुरु हुन्छ । प्रत्येक मठ मन्दिरमा कजरी र मलार जस्ता गीतको स्वरलहरी सुनिन्छ । झुलाका समयमा गाउँघरका र वरपरका श्रद्धालुहरु जम्मा हुने भजनकीर्तन गर्ने नाचगान र रामलीला गरेर मध्यरातसम्म जाग्राम बस्ने चलन छ । झुला पर्व त्रेतायुगदेखि नै प्रारम्भ भएको मानिन्छ ।

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**बलान बिहुल गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**देवानगन्ज गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# प्रधानमन्त्री ओलीद्वारा घट्टेपाखा-धेद्रे सुरुङको स्वीच थिचेर 'ब्रेक थ्रु'



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय गौरव एवं रणनीतिक महत्त्वको काठमाडौँ-तराई/मधेश द्रूतमार्ग (फास्ट ट्रयाक) सडक आयोजनाअन्तर्गत घट्टेपाँखा-धेद्रे सुरुङको स्वीच थिचेर 'ब्रेक थ्रु' गरेका छन् । मकवानपुरको बकैया गाउँपालिका-१२ धेद्रेमा सोमबार एक समारोहबीच प्रधानमन्त्री ओलीले काठमाडौँ-निजगढतर्फको १ दशमलव ७२८ किमि लामो सुरुङ ब्रेक थ्रु गरेका हुन् ।

निजगढ-कामाठाडौँतर्फको १ दशमलव १५३ किमि धेद्रे सुरुङ भने गत जेठ ११ गते नै 'ब्रेक थ्रु' भइसकेको छ । धेद्रे सुरुङ छिचोलिएसँगै प्याकेज नं २अन्तर्गतका सबै सुरङ खोल्ने काम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रधानसेनापति प्रभुराम शर्माले आयोजनाको हालसम्मको निर्माण प्रगति र चुनौतीबारे प्रधानमन्त्री ओलीलाई अवगत गराउँदै आयोजनाको भौतिक प्रगति ३५ दशमलव ९८ प्रतिशत रहेको जानकारी दिए ।

लेनडाँडामा रहेको निजगढ-काठमाडौँतर्फको १ दशमलव ६१२ किमि र काठमाडौँ-निजगढतर्फको १ दशमलव ६३३ किमि सुरुङ यसअघि नै खनिसकिएको छ । ३ दशमलव ३२२ किमिको निजगढ-काठमाडौँतर्फको महादेवटार सुरुङ¬ हालसम्म २ दशमलव २९ किमि तथा ३ दशमलव ३८६ किमिको काठमाडौँ-निजगढतर्फको २ दशमलव २८८ किमि सुरुङ खनिसकिएको छ । सो सुरुङ यसै वर्ष सम्पन्न गर्ने गरी काम भइरहेको नेपाली सेनाले जनाएको छ ।

द्रूतमार्ग २०८३ चैत मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य छ । आयोजनालाई १३ प्योकजमा विभाजन गरी निर्माण गरिएको छ । आयोजनाअन्तर्गत विभिन्न स्थानमा निर्माण हुने ८९ मध्ये ८५ पुल ठेक्का व्यवस्थापन भई कार्यान्वयनको चरणमा रहेका छन् । बाँकी चार पुल खोकना क्षेत्रमा छन् । सो क्षेत्रमा जग्गा अधिग्रहणसम्बन्धी समस्याका कारण निर्माणमा जान नसकेको सेनाको भनाइ छ ।

प्रस्थान बिन्दु ललितपुरको खोकना र अन्तिम बिन्दु बाराको निजगढ रहेको सो सडकको लम्बाइ ७० दशमलव नौ ७७ किलोमिटर छ । द्रूत मार्ग पहाडी भू-भागमा २५ मिटर र तराई भूभागमा २७ मिटर फराकिलो हुने छ ।

द्रूतमार्गमा १० दशमलव तीन सय ९ किमि लम्बाइको छ वटा सुरुङ बन्ने छन् । आयोजनाअन्तर्गत देवीचौरमा १ किमि, सिसौटारमा ० दशमलव ३९ किमि, चन्द्राम भिरमा २ दशमलव २५ किमि, महादेव डाँडामा ३ दशमलव ३५५ किमि, धेद्रेमा १ दशमलव ६९१ र लेनडाँडामा १ दशमलव ६२३ किमि लामो सुरुङ निर्माण हुने छ ।

सो सडकमा विभिन्न स्थानमा १२ दशमलव ८८५ किमि ८९ वटा पुल निर्माण हुने छन् । बुदुनेमा दुई वटा विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा एक-एक वटा इन्टरचेन्ज र टोल प्लाजा निर्माण गरिनेछ ।

सो अवरसमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल, रक्षामन्त्री मानवीर राई, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही, नेपालका लागि चीन र कोरियाका राजदूत उपस्थिति थिए ।

## टीआरसीबारे गठित कार्यदलले बुझायो प्रतिवेदन

काठमाडौं । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा गठित राजनीतिक कार्यदलले प्रधानमन्त्री केपी शर्मा ओलीसहित तीन प्रमुख दलका शीर्ष नेतासमक्ष प्रतिवेदन हस्तान्तरण गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आयोजित कार्यक्रममा प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई प्रतिवेदन हस्तान्तरण गरिएको हो । प्रतिनिधिसभामा दर्ता भई सभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा विचाराधीन रहेका ती विधेयकका मुख्य सवालमा सहजीकरण र छलफल गरी निकालिएको निचोडको प्रतिवेदन बुझाइएको हो । कार्यदलमा काँग्रेसबाट गृहमन्त्रीसमेत रहेका रमेश लेखक, एमालेबाट प्रमुख सचेतक महेश बर्तौला र माओवादी केन्द्रबाट जनार्दन शर्मा रहेका थिए ।


सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका

सर्लाही, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

गौर नगरपालिका

रौतहट, मधेश प्रदेश


## संक्षिप्त समाचार

### सुदूरपश्चिमको मुख्यमन्त्रीमा शाह नियुक्त

कैलाली । सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेसका संसदीय दलका नेता कमल बहादुर नियुक्त भएका छन् । सुदूरपश्चिमका प्रदेश प्रमुख नजिर मियाँले आइतबार शाहलाई मुख्यमन्त्री पदमा नियुक्त गरेका हुन् । नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम शाह मुख्यमन्त्रीमा नियुक्त भएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ । उनलाई काँग्रेस र एमालेको समर्थन रहेको छ । ५३ सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा (बहुमत) २७ जना आवश्यक पर्छ । यहाँ काँग्रेसका १८ र एमाले ११ गरि २९ जना प्रदेशसभा सदस्य छन् ।

### उत्कृष्ट ८० थारू विद्यार्थीलाई सम्मान

काठमाडौं । यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई)मा उत्कृष्ट हुने ८० जना थारु समुदायका विद्यार्थीहरूलाई सम्मान गरिएको छ । थारु विद्यार्थी सभाले काठमाडौंमा एक कार्यक्रमको आयोजना गरी यस वर्षको एसइई परीक्षामा उत्कृष्ट हुने विद्यार्थीहरूलाई सम्मान गरेको हो । त्यस अवसरमा उत्कृष्ट एसइईमा ४ जिपिए सहित उत्कृष्ट हुने २० जना थारु विद्यार्थीहरूलाई विशेष सम्मान गरिएको थियो । कार्यक्रममा उत्कृष्ट विद्यार्थीहरूलाई सम्मान गर्दै पूर्व मन्त्री एवं सांसद भगवती चौधरीले शिक्षा हासिल गरेर नै भविष्य निर्माण गर्न सकिने बताइन् । त्यसैले पढ्ने उमेरमा पढाइमा ध्यान केन्द्रित गर्न सांसद चौधरीले आग्रह गरेकी हुन् ।

### करणी मुद्दाका फरार प्रतिवादी पक्राउ

बारा । जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी कलैया उपमहानगरपालिका-६ मदरसाटोल बस्ने २७ वर्षीय ईम्तियाज अंसारीलाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत बाराबाट उक्त मुद्दामा ९ वर्ष ६ महिना १५ दिन कैद सजाय ठहर भई फरार रहेका उनलाई अस्थायी प्रहरी पोष्टा बसपार्क कलैयाबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

### अस्पतालबाट फरार भएका कैदी पक्राउ

मोरङ । उपचारको क्रममा अस्पतालबाट फरार भएका कैदी बिराटनगर महानगरपालिका-८ बस्ने २४ वर्षीय मोहमद अहमदलाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले उनलाई जहदा गाउँपालिका-१ तारेगाबाट पक्राउ गरेको हो । जबरजस्ती करणी मुद्दामा १२ वर्ष कैद र ५ लाख रूपैयाँ जरिवाना सजाय ठहर भई अहमद जिल्ला कार्यागार मोरङमा २०७९ फागुन २९ गतेबाट कैद भुक्तान गरिरहेका थिए । पेट दुख्ने बिरामी भई गत साउन १५ गतेबाट कोशी अस्पताल बिराटनगरमा उपचार गराई रहेका उनी साउन १७ गते बिहान शौचालय जाने क्रममा भागी फरार भएका थिए ।

### चोरीमा संलग्न व्यक्ति पक्राउ

सुनसरी । ललितपुर महानगरपालिका मङ्गलबजारस्थित लक्ष्मण शंकरको चाँदीको पसलबाट चाँदी र चाँदीले बनेको भाँडाकुँडा चोरी भएको घटनामा संलग्न रहेको अभियोगमा सुनसरी बराहक्षेत्र नगरपालिका-१ गौरीगाउँ बस्ने २६ वर्षीय प्रबिन राईलाई बिहीबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। बिगत १ महिनादेखिउक्त पसलमा काम गर्दै आएका राईले गत शनिबार चाँदी र चाँदीले बनेका भाँडाकुँडा चोरी गरी फरार रहेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय महेन्द्रनगरर इलाका प्रहरी कार्यालय चतराबाट खटिएको प्रहरीले उनलाई उनकै घरबाट पक्राउ गरेको हो । साथै प्रहरीले उनको घरमा लुकाई छिपाई राखेको ४ किलो १ सय ८७ ग्राम २६ मिलिग्राम चाँदी र चाँदीले बनेका भाँडाकुँडा समेत बरामद गरेको छ ।

### करेन्ट लागेर मृत्यु

कपिलवस्तु । बुद्धभुमिनगरपालिका-१०धनकौलीबस्ने४१ वर्षीयबुझारककोरीको करेन्ट लागेर बिहीबार बिहान मृत्यु भएको छ । आफ्नैघरमा पानीतान्नेमोटरचलाउनेक्रममाकरेन्टलागेर उनकोमृत्युभएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### आगलागीबाट विभिन्न सामान जलेर नष्ट

नवलपरासी पूर्व । मध्यबिन्दुनगरपालिका-११कुसुण्डेबस्ने३५वर्षीयारेखामियाँकोकिरानापसलमाविद्युतसर्टभईबिहीबार दिउँसो आगलागीहुँदा चाउचाउ, मैदा, बिष्कुट, चामल,दालगायतअन्यसामानहरूजलेर करिब ५लाखरूपैयाँ बराबरकोधनमाल नष्ट भएको छ। प्रहरीले स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### मोटरसाइकलको ठक्करबाट एकको मृत्यु

सिराहा । औरही गाउँपालिका-५ औरहीस्थित सडकमाहाल नम्बर नखुलेको मोटरसाइकलको ठक्करबाट सोही ठाउँ बस्ने देव चन्द्र दासको छोरा १० वर्षीय कमलेश दासको बुधबार दिउँसो मृत्यु भएको छ । बाटोको छेउमा खेलिरहेको अवस्थामा मोटरसाइकलले ठक्कर दिँदा गम्भीर घाइते भएका उनको उपचारको लागि अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### करेन्ट लागेर मृत्यु

बारा । जितपुरसिमरा उपमहानगरपालिका-८ गमरगावा बस्ने २३ वर्षीय रम्भु राउत कुर्मीको करेन्ट लागेर बुधबार बेलुकी मृत्यु भएको छ। आफ्नै घरमा मोबाइल चार्ज गर्ने क्रममा करेन्ट लागेरगम्भीर घाइते भएका उनको वीरगंजस्थित गण्डक हेल्थ केयर पर्सामा उपचारको क्रममा मृत्यु भएको हो ।

### सुनका गरगहना चोरी

नवलपरासी पूर्व । कावासोती नगरपालिका-१४ त्रिभुवनटार बस्ने अभिषेक बरालको घरबाट च्यानल गेटको चावी फोडेर ७ तोला ९० लाल बराबरको सुनकाविभिन्न गरगहना चोरी भएको छ। बराल आइतबार काठमाडौं गई बुधबार घर फर्कि हेर्दा उक्त धनमाल चोरी भएको बुझिएको छ ।

## बीमा वार्तालाप

# बीमा गर्नुस् ताकि भोलिको दिनमा आर्थिकरुपमा सुरक्षित रहनुहुन्छ

**० मधेशमा बीमा क्षेत्रको अवस्था कस्तो छ ?**

– समग्रमा हेर्दा मधेशमा बीमाप्रति जनतामा चेतनाको कमी छ। यसको मुख्य कारण शिक्षाको कमी हो। जबसम्म मान्छे शिक्षित हुँदैन तबसम्म कुनै कुरामा अगाडि बढ्न सक्दैन। भित्री मधेशमा शिक्षाको धेरै कमी छ। त्यसैले गर्दा पहिला शिक्षित हुनुपर्‍यो। अर्को कुरा ग्रामीण भेगका मान्छेले पनि बीमा गर्न चाहिरहेको छैन। पैसा छैन भनेर भन्न मिल्दैन, पैसा छ। दैनिक ज्यालादारी गर्छन्, विभिन्न व्यापार व्यवसाय गर्छन्, विदेशबाट पैसा पठाइरहेका हुन्छन् तर बीमा के हो भनेर बुझ्दैनन्। बीमा मान्छेको जीवनमा नभई नहुने कुरा हो।

**० मान्छेले बीमा किन गर्नुपर्छ त ?**

– मान्छेको जीवनमा जसरी गास, बास र कपास आवश्यक छ त्यस्तै बीमा पनि आधारभूत आवश्यकता नै हो। मानौं मान्छेले बीमा गराएको छैन, घरमुलीको मृत्यु भयो भने उसको घर कसरी चल्छ ? यदि बीमा गराएको छ भने त्यसबाट पैसा आउँछ, त्यसले सानोतिनो व्यापार व्यवसाय गर्न दिनचर्या चलाउन सजिलो हुन्छ। त्यसैले बीमा अहिले आधारभूत आवश्यकता भइसकेको छ। मान्छेको आर्थिक सुरक्षाका लागि बीमा गराउनुपर्छ। मान्छेले दैनिक ज्यालादारी गरिरहेको हुन्छ, जसबाट उसको जीवन धानिरहेको हुन्छ। जबसम्म स्वस्थ रहन्छ, जीउज्यानले साथ दिएसम्म काम गरेर खान पुग्छ। तर, मान्छे जब वृद्धावस्थामा पुग्छ, काम गर्न सक्दैन भने त्यो अवस्थामा बीमाबाट पैसा आउँछ जसले आफ्नो जीविका धान्न सक्छ। आजभोलि तराईमा छोराको बिहे हुनेबित्तिकै बुवासँग अलग भएर बस्छ। यदि बुवाले बीमा गराएको हुन्छ भने उससँग पैसा हुन्छ, जसले गर्दा छोरा पनि पैसाको लोभमा बुवासँग नै बस्छ। त्यसैले मान्छेको आर्थिक सुरक्षा हुनुपर्छ।

**० आर्थिक स्रोत न्यूनका मान्छेले कसरी बीमा गर्न सक्छ ?**

– मान्छेले जसरी दैनिक ज्यालादारी गरिरहेको हुन्छ, त्यसबाट दुई दिनको मात्रै पैसा बचाएर राख्यो भने बीमाको पैसा तिर्न पुग्छ। प्रायः मान्छे जहिले पनि बेलुका रक्सी खाएका हुन्छन्, त्यहीं पैसा बचायो भने बीमा हुन्छ। अहिले गाउँघरमा कामदार पाउँदैन। दिनको आठ सय नौ सय ज्यालादारी लिन्छ। त्यसबाटै एक दिनको मात्रै पैसा बचाइदियो भने ठूलो रकमको बीमा हुन्छ। मुख्य कुरो मान्छेले किन गर्नुपर्छ भन्ने कुरो बुझ्नुपर्‍यो।

**० भनेपछि बीमा किन आवश्यक छ भन्ने कुराको चेतनाको कमी छ ?**

– मान्छेमा चेतना हुनुपर्‍यो र हामीले बुझाउन सक्नुपर्छ। मान्छेलाई बीमाबारे सचेत गराउन सकिएको छैन। तपाईंलाई भोलि केही भयो भने तपाइँको घरपरिवार कसरी चलला भन्ने कुरो बुझाउनुपर्‍यो। वा बुढेसकालमा आफ्नो जीविका कसरी चलाउने ? त्यसैले बीमा गर्नुस् भनेर बुझाउनुपर्छ। मुख्यकुरो पैसाको होइन, चेतनाको नै हो। ठिक छ, यदि तपाइँसँग धेरै आयस्रोत छैन भने कम पैसाको बीमा गर्नुस्। जतिसुकै गरीब भएपनि उसले लुगाफाटा लगाएकै हुन्छ, खाना खान्छ नै। बीमा गर्नुस् ताकि भोलिको दिनमा तपाइँ आर्थिकरुपमा सुरक्षित रहनुहुन्छ।

**० सबभन्दा न्यून रकम कतिसम्मको बीमा गर्न सकिन्छ ?**

– न्यूनभन्दा पनि १ लाखको बीमा छ भने त्यो हेर्नु हुँदैन। त्यसलाई तपाइँले २० वर्षको गर्नुभयो भने वर्षको पाँच हजार पर्छ। महिनाको चार सय पर्छ। किनकि हामी काम गरिरहेका हुन्छौं, दिनको सात सय आठ मजदुरी त आउँछ। त्यसबाट तपाइँले एक दिनको बचाइदिनुभयो भने दुई लाखको बीमा हुन्छ। प्रिमियम हेर्नुपर्छ कि हामीले कतिसम्म तिर्न सक्छौं।

**० बीमा भनेको मान्छेको जीवनको अभिन्न अंग हो भन्ने कुरा तपाइँहरुले कतिको जनचेतना फैलाइरहनुभएको छ ?**

– हामीले निरन्तर जनचेतना फैलाइरहेका छौं। तर जुन हिसावले जनचेतना फैलाउनुपर्ने हो त्यो हिसावले भइरहेको छैन। अभिकर्ताहरु ठूलो रकमको बीमा गराउनतिर लागिरहेका हुन्छन्। अभिकर्ताहरु सानो-सानो रकमको बीमा गराउनेतिर पनि जानुपर्‍यो। सानो-सानो रकमको बीमा कहाँबाट हुन्छ, त्यहाँ जानुपर्‍यो। गाउँमा यदि दुई सय जनाको बीमा गरायो भने त्यो नै ठूलो प्रिमियम हुन्छ। अभिकर्ताहरु यो कुरा बुझ्नुपर्छ, गाउँमा जानुपर्छ।

**० भनेपछि बीमा कम्पनीहरु ग्रामीण भेगसम्म पुग्न सकेका छैनन् ?**

– बीमा कम्पनीहरुको पनि कमजोरी छ नि। हामीले अभिकर्ताहरुलाई त्यहीं हिसावले शिक्षा दिनुपर्छ। हामीले अभिकर्तालाई यसबारे शिक्षा दिइरहेका छौं तर अभिकर्ताहरुमा गाउँ-गाउँमा सानो रकमको बीमा गराऔं भन्ने सोच हुँदैन। अहिले शहरकेन्द्रित बीमा भएको छ।

**० मधेशको ग्रामीण भेगमा बीमाबारे जनचेतना जगाउने वा जागरण फैलाउने तपाइँहरुको केही रणनीति छ ?**

– म आफै गत वर्ष गाउँ-गाउँमा बीमा जागरण अभियान चलाएको थिएँ। गत वर्ष हामीले दुईटा जिल्लामा बीमा जागरण अभियान चलायौं। अब फेरि सुरु गर्छौं, ७७ वटै जिल्लामा हामी बीमा जागरण अभियान चलाउँछौं। हामीले त्यो जागरणमार्फत् अभिकर्तालाई भन्छौं कि गाउँमा बीमा गर्न जानुस्, गाउँमा सिकाउनुपर्‍यो। गाउँमा बीमाको ठूलो बजार छ।

**० बीमा लगानी गरेको रकम कतिको सुरक्षित हुन्छ ?**

– बीमाको लगानी शतप्रतिशत सुरक्षित हुन्छ। बीमा नै एउटा यस्तो माध्यम हो, जसको पैसा डुब्दैन। अर्थ मन्त्रालय वा बीमा प्राधिकरणको वेबसाइटमा गएर कति वटा बीमा कम्पनीहरु छन्, ती कम्पनीमा बीमा गरायो भने शतप्रतिशत सुरक्षित हुन्छ। कहिल्यै पनि डुब्दैन र डुबेको पनि छैन।



**मनोज कुमार लाल कर्ण**
**प्रमुख कार्यकारी अधिकृत**
**हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड**

## आर्थिक समाचार

### आइएमई पेमा पैसा पठाउँदा रू. एक हजारसम्म क्यास ब्याक




काठमाडौं। नेपालको पहिलो डिजिटल वालेट आइएमई पेले विदेशबाट पठाएको रकम आइएमई पे वालेटमा प्राप्त गर्दा ग्राहकहरुलाई रु एक हजारसम्म क्यास ब्याक प्रदान गर्ने अफर सार्वजनिक गरेको छ। अफर अन्तर्गत सेवाग्राहीहरुले विदेशबाट आइएमई पे वालेटमा पठाएको पैसा आइएमई पे एप प्रयोगकर्ताहरूले जुनसुकै समयमा नेपालमा प्राप्त गर्दा रु एक हजार सम्म क्यास ब्याक प्राप्त गर्न सक्नेछन्। यथावत रहिरहेको "आइएमई गरौं,करोडपति बनौं" योजनालाई थप परिस्कृत गर्दै बम्परमा एक करोड र हरेक महिना एक लाख बाहेक अब हरेक कारोबारमा समेत क्यास ब्याक अफर सार्बजनिक गरिएको छ। सेवाग्राहीहरुको उत्साह तथा हितको लागि बेला बेलामा विभिन्न अफर सार्बजनिक गर्दै आएको आइएमई पे ले यस अघिको योजनामा प्रयोगकर्ताहरुको उल्लासमय सहभागिता र ग्राहक वर्गको अनुरोधलाई ध्यानमा राखेर यो योजना सार्बजनिक गरिएको बताइएको छ। आइएमई पे वालेटमा प्राप्त गरेको रकममा ब्याज प्राप्त गर्नुको साथै ग्राहकवर्गले जुनसुकै समयमा घरै बसेर सजिलै घरायसी बिल भुक्तानी गर्न , फ्लाइट टिकट खरिद गर्न , मोबाइल रिचार्ज गर्न साथै सबै प्रकारको बीमा नविकरण तथा थुप्रै सेवाहरुको सहजै भुक्तानी गर्न सक्नेछन् र आफ्नो वालेटमा रहेको रकम आवश्यकता अनुसार बैंक खातामा समेत पठाउन सक्नेछन्।

### दुर्गापुरमा प्रभु बैंकको शाखा सञ्चालन

झापा। झापाको कनकाई नगरपालिका-७ मा प्रभु बैंकको **दुर्गापुर शाखा** सञ्चालनमा आएको छ। दुर्गापुरमा झापाको पाँचौं र देशभरको ३१४ औं शाखाको सञ्चालनमा आएको हो। बैंकका सञ्चालक समिति अध्यक्ष लीलाप्रकाश सिटौलाले शाखाको बिहीबार उद्घाटन गर्नुभएको छ। कार्यक्रममा विशेष अतिथि कनकाई नगरपालिका नगर उपप्रमुख आशा शर्मा शिवाकोटी, कनकाई-७ का वडाध्यक्ष भिष्मभूषण सिटौला, कनकाई-८ का वडाध्यक्ष लीलाबहादुर कटुवाल, कोटीहवन धार्मिक विकास संस्थाका अध्यक्ष शेरबहादुर थापा लगायतले सफलताको शुभकामना व्यक्त गर्दै दुर्गापुर शाखाले त्यहाँको जनजीविका उकास्नु मद्दत मिल्ने विश्वास व्यक्त गर्नुभयो। बैंकका कोशी प्रदेश प्रमुख अधिकृत बद्रीकुमार कटुवालले यसक्षेत्रको आर्थिक चलायमान बनाउन बैंक शाखा सञ्चालनमा आएको बताउनुभयो। त्यसैगरी, ग्राहकहरुको रोजाईको अग्रणी बैंकको रुपमा रहेको तथा हालसालै "बैंक अफ द इयर २०२३" को उपाधिबाट सम्मानित प्रभु बैंकले नेपालभर ३१४ शाखा कार्यालयहरु, २८६ एटीएम साथै ६९ एक्सटेन्सन काउन्टर मार्फत करिब ३५ लाख भन्दा बढि ग्राहकहरुलाई बैंकिङ एवं वित्तीय सेवा प्रवाह गरिरहेको छ। अत्याधुनिक प्रविधि मार्फत गुणस्तरीय सेवा प्रवाह गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको प्रभु बैंक छोटो समयको अन्तरालमानै फिनाकल ईन्फोसिस ईनोभेसन गोल्ड-२०२४ अवार्डबाट समेत सम्मानित भएको छ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

## विश्व परिवेश

# अल्पसंख्यकहरूको स्थितिको निगरानी गरिरहेका छौं : एस जयशंकर



भारत बंगलादेशमा अल्पसंख्यकहरूको स्थितिलाई लिएर स्थिति निगरानी गरिरहेको छ, विदेश मन्त्री एस जयशंकरले मङ्गलवार राज्यसभामा जानकारी दिए। पूर्व प्रधानमन्त्री शेख हसिनाले दिल्ली नजिकको हवाई आधारमा आइपुगेको एक दिन पछि, उनले व्यापक विरोध र उनको पदमा निरन्तरताका विरुद्धको हिंसाका बीच प्रधानमन्त्री पदबाट राजीनामा दिएको घोषणा गरेका थिए।

"विशेष गरी चिन्ताजनक कुरा के हो भने अल्पसंख्यकहरू, व्यवसायहरू र मन्दिरहरू पनि विभिन्न स्थानहरूमा आक्रमणको शिकार भएका छन्। यसको पूर्ण अवस्था अझै स्पष्ट छैन," जयशंकरले भने, मध्य जुलाईदेखि बंगलादेशलाई प्रभावित पार्ने हिंसा विशेष गरी पछिल्लो केही दिनमा बढेको उल्लेख गर्दै।

"हामी अल्पसंख्यकहरूको स्थितिलाई लिएर स्थिति निगरानी गरिरहेका छौं। विभिन्न समूह र संगठनहरूले उनीहरूको सुरक्षा र कल्याण सुनिश्चित गर्न पहल गरेका खबरहरू छन्। हामी त्यसलाई स्वागत गर्दछौं, तर कानून र सुव्यवस्था स्पष्ट रूपमा पुन:स्थापित नभएसम्म हामी गहिरो चिन्तित रहनेछौं," उनले भने।

जयशंकरले भारतीय संसदका दुवै सदनहरू (राज्यसभा र लोकसभा) मा बंगलादेशको हालको स्थिति र वर्तमान संकटको पृष्ठभूमिमा समान वक्तव्य दिए। बंगलादेशमा रहेका भारतीय नागरिकहरूको संख्या करिब १९,००० रहेको अनुमान गरिएको छ, जसमा करिब ९,००० विद्यार्थीहरू छन्। अधिकांश विद्यार्थीहरू भूमि मार्ग वा उडानमार्फत भारत फर्किसकेका छन्।

"हामी बंगलादेशमा रहेका भारतीय समुदायसँग हाम्रो मिशनहरू मार्फत नजिक र निरन्तर सम्पर्कमा छौं," जयशंकरले भने। यो जटिल परिस्थितिलाई ध्यानमा राख्दै सीमा सुरक्षा बलहरूलाई विशेष सतर्क रहन निर्देशन दिइएको छ। ढाकामा उच्च आयोगसँगै भारतको चटगाउँ, राजशाही, खुलना र सिलेटमा सहायक उच्च आयोगहरू छन्। "हाम्रो अपेक्षा छ कि होस्ट सरकारले यी संस्थापनहरूको आवश्यक सुरक्षा सुरक्षा प्रदान गर्नेछ। स्थिति स्थिर भएपछि तिनीहरूको सामान्य क्रियाकलापको अपेक्षा राख्छौं," जयशंकरले भने।

उनको वक्तव्य समाप्त गर्दै, उनले "महत्वपूर्ण छिमेकीसँग सम्बन्धित संवेदनशील मुद्दाहरूमा सदनको समझदारी र समर्थन" को माग गरे।

भारतको विदेश मन्त्रालयले आइतवार (अगस्ट ४, २०२४) मा एक परामर्श जारी गरेको थियो, जसले भारतीय नागरिकहरूलाई विरोध र हिंसालाई ध्यानमा राख्दै बंगलादेशको यात्रा नगर्न आग्रह गर्यो ।

"वर्तमान घटनाक्रमको सन्दर्भमा, भारतीय नागरिकहरूलाई अर्को सूचना नभएसम्म बंगलादेशको यात्रा नगर्न कडा सल्लाह दिइन्छ। हाल बंगलादेशमा रहेका सबै भारतीय नागरिकहरूलाई अत्यन्त सावधानी अपनाउन, आफ्ना गतिविधिहरूलाई सीमित गर्न र ढाकामा भारतीय उच्च आयोगसँग सम्पर्कमा रहन सल्लाह दिइन्छ," परामर्शले भने।

## बंगलादेशको अन्तरिम सरकारको प्रमुख मुहम्मद युनुस



काठमाडौं । बंगलादेशको अन्तरिम सरकारको प्रमुख मुहम्मद युनुस बनेका छन् । उनले मंगलबार मात्रै अन्तरिम सरकारको नेतृत्व गर्न तयार रहेको बताएका थिए । राष्ट्रपति भवनमा भएको एक बैठकले नोबेल पुरस्कार विजेता युनुसलाई नै अन्तरिम सरकारको प्रमुख चुनेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले जनाएका छन् । सो बैठकमा आरक्षण आन्दोलनको नेतृत्व गरेका विद्यार्थीका प्रतिनिधि र सेनाका प्रमुख समेत सहभागी थिए । मुहम्मद युनुस गरिबी विरुद्ध लडेका कारण विश्वप्रसिद्ध नोबेल शान्ति पुरस्कारबाट सम्मानित भएका थिए । 'गरिबहरुको बैंक'बाट चिनिएका युनुसलाई आन्दोलनकर्ता विद्यार्थीहरुले अन्तरिम सरकारको प्रमुखको रुपमा प्रस्ताव गरेका थिए । उनी पूर्वप्रधानमन्त्री शेख हसिनाको कट्टर विरोधी हुन् । किनकि उनलाई शेख हसिनाले गरिबहरुको रगत चुसेको आरोप लगाउने गर्दथिन् । युनुसले आफ्नो पार्टी खोल्ने तयारी गरेको सूचना पाएपछि शेख हसिना उनीविरुद्ध आक्रामक रुपमा प्रस्तुत हुने गरेकी थिइन् । गत जनवरी महिनामा युनुसलाई श्रम कानुन उल्लंघन गरेको आरोपमा ६ महिना जेल सजाय समेत सुनाइएको थियो । यद्यपि उनी जेलमा भने बस्नु परेको थिएन ।




## जिल्ला समाचार

### पूर्वमन्त्री खानद्वारा गुलरियाका दलित तथा विपन्न विद्यार्थीलाई शैक्षिक सामग्री वितरण

बर्दिया । जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष एवं पूर्वमन्त्री अब्दुल खानले बर्दियाका सय बढी विपन्न छात्रालाई शैक्षिक सामग्री प्रदान गरेका छन् । गुलरियामा जनमत पार्टीले सोमबार आयोजना गरेको कार्यक्रममा प्रतिनिधिसभा सदस्य समेत रहेका खानले १ सय ७ छात्रालाई शैक्षिक सामग्री बाँडेका हुन् । उनले विभिन्न १० विद्यालयमा अध्ययनरत दलित तथा विपन्न विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेका हुन् । खानले विपन्न विद्यार्थीलाई पढाईमा आकर्षित गराउन शैक्षिक सामाग्री वितरण गरिएको बताएका छन् । खानले शिक्षामा लगानी नगरेसम्म सभ्य समाज नबन्ने भएकाले आगामी दिनमा पनि यस्ता कार्यलाई निरन्तरता दिइने बताए । उनले निकट भविष्यमा विद्यार्थीका लागि विशेष योजना बनाएर बालबालिकाको भविष्य निर्माणमा जोड दिइने बताए । कार्यक्रममा सहभागी विद्यार्थीले गीत मार्फत स्वागतसँगै शैक्षिक सामग्री प्रदान गरेकोमा धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रममा जनमत पार्टीका अन्य नेतासहित सयौंको उपस्थिति रहेको खानका निजी सचिव इन्जिनियर अतिउल्लाह मुसलमानले जानकारी दिए ।

### 'गलत विचार लिएर मलाई भेट्न नआउनु'

कैलाली । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुण कुमार चौधरीले आफु आम जनता, समाज र देशको अहित हुने कुनै पनि काम नगर्ने बताएका छन् । शुक्रबार मात्रै पदभार ग्रहण गरेका राज्यमन्त्री चौधरीले शनिबार आफ्नो निर्वाचन क्षेत्रका मतदाताहरुलाई भेटेर यस्तो बताएका हुन् । उनी शनिवार विहानै कैलाली पुगेका हुन् । बधाई तथा शुभकामना दिन आइपुगेका पार्टीका नेता तथा कार्यकता र मतदातालाई उनले भने, 'म आज आफुले बधाई लिन आएको हैन् । मलाई आफ्नो अमुल्य मत दिएर मन्त्रीको पदमा पुऱ्याउने तमाम मतदाताहरुलाई बधाई दिन आएको हुँ । मेरो निर्वाचन क्षेत्रको आवश्यकता, यहाँको जनचाहाना र म प्रतिको आशा केके छन् रु सोध्न आएको हुँ । तपाईंको लागि मैले राज्यमन्त्रीको भूमिकामा रहेर गर्नुपर्ने कामहरुको लिष्ट तयार पार्न आएको हुँ ।' राज्यमन्त्रीमा नियुक्त भएकाले कार्यकारी भूमिका नरहेको हुँदा धेरै काम गर्न सक्ने स्थिती नभएपनि संविधानले दिएको अधिकारको अधिकतम प्रयोग गरेर जनहितमा काम गर्न प्रतिबद्ध रहेको उनले बताए । 'सबै जनालाई मेरो अनुरोध छ । मसँग गलत नियत, गलत सोच र कसैको व्यक्तिगत फाइदा हुने कामका लागि यसो गर्दिनुस्, उसो गर्दिनुस् भन्दै नआउनुस् । तर, समग्र देश र समाजको लागि मैले मेरो भूमिकामा रहेर गर्न सक्ने हरेक कामहरुका लागि मलाई रचनात्मक सल्लाह सुझाव दिन नहिचकिचाउनुस्', राज्यमन्त्री चौधरीले भने, 'म राम्रो कामका लागि हरेक मानिसहरुसँग सहकार्य गर्न सधैं तयार छु । गलत कामका लागि जो कोही होस्, कहिल्यै पनि हात मिलाउँदिन ।' गृहजिल्ला पुगेका राज्यमन्त्री चौधरीले कैलालीकै चर्चित र धार्मिक महत्व बोकेको घोडाघोडी मन्दिरमा पनि दर्शन गरेका छन् । देशभरका सांस्कृतिक, पर्यटकीय क्षेत्रहरुको व्यबस्थापन, प्रबर्द्धन तथा प्रचारप्रसारका लागि आवशयक योजना बनाउने दायित्व आफ्नो रहेको बताउँदै उनले त्यसका लागि लागि पर्ने बताए । 'मेरो काम बजेट बाँड्ने हैन् । बजेटको कार्वान्वयनको अबस्था के छ रु भनेर अध्ययन अनुगमन गर्ने हो । कहाँ कहाँ बजेट हाल्नु पर्नेछ ? कहाँ कसरी काम गर्नुपर्नेछ ? मन्त्रालय मातहतमा भएर काम गरिरहेका कहाँ कमिकमजोरी भएको छ ? भनेर अध्ययन गर्ने, अनुगमन गर्ने हो', चौधरीले भने, 'राज्यमन्त्रीले केही गर्दैनन्, केही गर्न सक्दैनन् भन्ने भाष्य परिवर्तन् गरेर आफ्नो अधिकारको अधिकतम प्रयोग गरेर दत्तचित्त र इमान्दारिताका साथ काम गर्नेछु ।'

### जनप्रतिनिधिलाई तालिम

झापा । झापाको कनकाई नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा न्याय मेलमिलाप समितिमा सूचीकृत सदस्यहरूका लागि एक दिने कार्यसम्पादन सम्बन्धी पूनर्ताजगी प्रदान गरिएको छ । कनकाई नगरपालिकाको न्यायिक समितिको आयोजनामा आयोजित कार्यक्रममा न्याय सम्पादनलाई कसरी छिटो छरितो गर्ने र हाल देशमा रहेका विद्यमान न्याय सम्बन्धी व्यवस्था र कानुनी लडाई प्रक्रियाका बारेमा सहभागीलाई पुर्नताजगी गराइएको हो । तालिमको सहजीकरण झापा जिल्ला न्यायाधीश अशोककुमार बस्नेत, झापा बार एसोसिएसनका अध्यक्ष नारायण भट्टराईले नगर तथा वडामा हुने गरेको न्याय तथा मेलमिलाप कार्यसम्पादनका बारेमा सहजीकरण गरेका थिए । कार्यक्रममा सहभागी कनकाई नगरपालिका ३ का वडाध्यक्ष युवराज चौलागाईंले तालिमबाट सिकेका ज्ञान सिपले वडामा न्याय सम्पादनमा सहयोग पुगेको बताए । तालिममा कानुनमा रहेका विद्यमान अवस्था, घरेलु हिंसा, हिंसाका प्रकार, कानुनी उपचार विधि प्रक्रिया र नि:शुल्क कानुनी सहायता लगायताका विषयमा जनप्रतिनिधि, कर्मचारी र न्यायिक समितिका सदस्यहरूलाई प्रशिक्षण प्रदान गरिएको हो ।

### ठक्करबाट साइकलयात्रीको मृत्यु

सुनसरी । सुनसरीको इटहरी उपमहानगरपालिका-६ पूर्व-पश्चिम राजमार्गमा ट्रकको ठक्करबाट शुक्रबार एक साइकलयात्रीको मृत्यु भएको छ । इटहरीबाट विराटनगरतर्फ जाँदै गरेको प्रदेश नं १-०२-००१ ख ९२९४ नम्बरको ट्रकले ठक्कर दिँदा भोजपुरको षडानन्द नगरपालिका-१४ का ४२ वर्षीय रामचन्द्र श्रेष्ठको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । उनी इटहरी-४ स्थित दिदीको घरमा बस्दै आएका थिए । ट्रक चालक धरान-१३ का ४५ वर्षीय गोविन्दबहादुर तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### नहरमा डुबेर वृद्धको मृत्यु

रौतहट । चन्द्रपुर नगरपालिका-९ नजरपुर बस्ने ९२ वर्षीय कुल प्रसाद घिमिरेको सोही ठाउँस्थित नजरपुर नहरमा डुबेर शुक्रबार बिहान मृत्यु भएको छ । उनी नहरको डिलबाट अचानक चिप्लीएर नहरमा डुबेको बताइएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# भारतको सहयोगमा निर्मित धुलिखेल अस्पतालको वार्ड भवनको उद्घाटन



काठमाडौं । 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको कूल परियोजना लागत नेरु. ४.२६ करोड आर्थिक सहयोगमा निर्माण गरिएको काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिकास्थित धुलिखेल अस्पतालको वार्ड भवनको उद्घाटन गरिएको छ ।

बुधबार भारतीय राजदूतावास, काठमाडौंका प्रथम सचिव अविनाश कुमार सिंहले सो अस्पतताल वार्ड भवनकको उद्घाटन गरेका हुन् ।

उक्त कार्यक्रममा धुलिखेल नगरपालिकाका मेयर, राजनीतिक प्रतिनिधि, सरकारी अधिकारी, अस्पताल व्यवस्थापनका प्रतिनिधि तथा समाजसेवीहरुको उपस्थिति रहेको थियो । 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको अनुदान सहयोग यस अस्पताललाई आवश्यक पर्ने अन्य सुविधासँगै वार्ड भवनको निर्माणमा उपयोग गरिएको थियो । भारत सरकार र नेपाल सरकारबीच भएको सम्भौताअन्तर्गत यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको थियो ।

यस परयोजनाको कार्यान्वयन धुलिखेल नगरपालिका, काभ्रेपलाञ्चोकमार्फत गरिएको थियो । यो परियोजना भारत र नेपालबीचको बलियो विकास साझेदारीको एउटा महत्वपूर्ण उदाहरण हो ।

कार्यक्रममा बोल्दै धुलिखेल नगरपालिकाका मेयर, राजनीतिक प्रतिनिधि, धुलिखेल अस्पतालका कार्यकारी निर्देशक तथा प्रशासनिक निर्देशकले नेपालका जनताको उत्थानका लागि प्राथमिकताका क्षेत्रमा भारत सरकारले पुर्याउँदै आएको निरन्तर विकास सहयोगको प्रशंसा गरे । नवनिर्मित वार्ड भवनले नेपाली जनतालाई स्वास्थ्य सेवामा गुणस्तरिय पूर्वाधार र राम्रो वातावरण उपलब्ध गराउन मद्दत गर्नेछ ।

सन् २००३ यता भारत सरकारले नेपालका विभिन्न क्षेत्रमा ५५१ वटा भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाएको छ र ४९० वटा परियोजना सम्पन्न गरिसकेको छ । यीमध्ये काभ्रेपलाञ्चोक जिल्लाका ७ वटा परियोजनासहित बागमती प्रदेशको विभिन्न क्षेत्रमा १०६ वटा परियोजनाहरु रहेका छन् ।

यसका साथै भारत सरकारले नेपालका विभिन्न अस्पताल, स्वास्थ्यचौकी र शैक्षिक संस्थालाई १००९ वटा एम्बुलेन्स र ३०० वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिसकेको छ । त्यसमध्ये काभ्रेपलाञ्चोक जिल्लालाई प्रदान गरिएको ८ वटा स्कुल बस र १६ वटा एम्बुलेन्ससहित बागमती प्रदेशलाई २३६ वटा एम्बुलेन्स र ९८ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिएको छ जसमा भारत सरकारले सन् २०२१ जनवरीमा यस अस्पतालका लागि एउटा एम्बुलेन्स (एड्भान्स लाइफ सपोर्ट) उपहारस्वरुप प्रदान गरेको थियो । यस एम्बुलेन्सले स्वास्थोपचारमा पहिलो सेवा दिदै आकस्मिक स्वास्थ्य सेवाको लागि महत्वपूर्ण योगदान पुर्याइरहेको छ ।

नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले नेपाली जनताको समुन्नतिका लागि र प्राथमिकताका क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

# हेमबहादुर मल्ल सम्मान डा.थापालाई प्रदान




काठमाडौं । कुशल प्रशासक एवम् व्यवस्थापक स्व.हेमबहादुर मल्लको स्मृतिमा स्थापित 'हेमबहादुर मल्ल सम्मान-२०७९' डा.भेषबहादुर थापालाई प्रदान गरिएको छ ।

नेपाल जनप्रशासन संघद्वारा बुधबार आयोजित एक विशेष समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले सो सम्मान प्रदान गरेका हुन् । सो सम्मान दुई लाख राशिको रहेको छ ।

संघले साल्ट ट्रेडिङ कर्पोरेशनको सौजन्यमा सो संस्थाका अध्यक्ष स्व हेमबहादुर मल्लको स्मृतिमा उक्त सम्मान स्थापना गरेको हो । पाँच दशकसम्म निरन्तर सार्वजनिक जीवनका आर्थिक, प्रशासनिक, प्राज्ञिक र कूटनीतिक क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्न पुर्याउनुभएको योगदान स्वरुप डा.थापालाई सो सम्मान प्रदान गरिएको संघका अध्यक्ष मधुरमण आचार्यले जानकारी दिए ।

सम्मानित व्यक्तित्व डा.थापाले राष्ट्रिय योजना आयोगको सदस्य सचिव, अर्थ तथा योजना मन्त्रालयको सचिव, नेपाल राष्ट्र बैंकको गभर्नर, नेपाल सरकारको अर्थसचिव हुँदै अर्थमन्त्री एवम् परराष्ट्र मन्त्रीको गहन जिम्मेवारी सम्हालेका थिए ।

साथै संयुक्त राज्य अमेरिका र भारतका लागि नेपाली राजदूत, नेपाल भारत प्रबुद्ध व्यक्ति समूहको सहअध्यक्ष तथा श्रीलङ्काका लागि संयुक्त राष्ट्र सङ्घको आवासीय प्रतिनिधि र क्यानडास्थित अन्तर्राष्ट्रिय विकास अनसुन्धान केन्द्र (आइ.डि.आर सी)को उपाध्यक्षका हैसियतमा कूटनीतिक सेवामार्फत अन्तर्राष्ट्रिय सम्बन्धलाई मजबुत बनाउन उनले उल्लेखनीय योगदान दिएका छन् ।

उक्त सम्मान छनोटका लागि पूर्वसचिव एवम् पूर्वअर्थमन्त्री शङ्करप्रसाद कोइरालाको संयोजकत्वमा समिति गठन गरिएको थियो । सो समितिमा सङ्घका निवर्तमान अध्यक्ष कृष्णहरि बाँस्कोटा, साल्ट ट्रेडिङका अध्यक्ष प्रदीपलाल श्रेष्ठ, सचिव विन्दु विष्ट र पूर्वसचिव शिशिरकुमार ढुङगाना सदस्य रहेका थिए ।

यसअघि सो सम्मानबाट केदारभक्त माथेमा, चाँदनी जोशी, डा.भगवान कोइराला, डा.विमल कोइराला, महावीर पुन, स्व.अम्बिका श्रेष्ठ, भोजराज पोखरेल, दमननाथ ढुङ्गाना, डा.सुरेशराज शर्मा, खिलराज रेग्मी, उमेश मैनाली, दामोदर गौतम, डा.देवेन्द्रराज पाण्डे, कुलमान घिसिङ, डा.सन्दुक रुइत, डा. गौरीशङ्कर लाल दास, सूर्यनाथ उपाध्याय, गोरक्षबहादुर न्हुच्छे प्रधान र भानु आचार्य सम्मानित भइसकेका छन् ।

# तल्लो अरुण जलविद्युत आयोजनामा ५ हजार करोडभन्दा बढी लगानी गर्न भारतको अनुमति

काठमाडौं । तल्लो अरुण जलविद्युत आयोजनामा ५ हजार करोडभन्दा बढी भारतीय रुपैयाँ लगानी गर्न भारत सरकारले सतलज जलविद्युत निगम ( एसजेभीएन) कम्पनीलाई अनुमति दिएको छ ।

भारतको केन्द्रीय मन्त्रिपरिषद बैठकले ५ हजार करोड ७९२ भारतीय रुपैयाँ लगानी गर्न अनुमति दिएको जनाइएको छ । ६६९ मेगावाटको तल्लो अरुण जलविद्युत आयोजनाको निर्माण आगामी पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्य छ । यो आयोजना नेपालको संखुवासभा जिल्लामा निर्माण हुने छ । यसका चार युनिट हुने छन् । प्रत्येक युनिटको क्षमता १६७.२५ मेगावाट हुनेछ । यो आयोजना नेपालको संखुवासभाको मकालु गाउँपालिकामा निर्माण हुने छ । तल्लो अरुण जलविद्युत आयोजना ९०० मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत आयोजनाभन्दा तल्लो क्षेत्रमा निर्माण हुने छ । अरुण तेस्रो निर्माणको जिम्मा पनि सतलजले नै पाएको थियो ।

२०७७ माघ १६ गते प्रधानमन्त्री निवास बालुवाटारमा बसेको लगानी बोर्डको ४६ औं बैठकले तल्लो अरुण जलविद्युत आयोजना निर्माणको जिम्मा भारतको सतलजलाई दिने निर्णय गरेको थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको बोर्ड बैठकले सार्वजनिक निजी साझेदारी मोडल अन्तरगत (निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण-बुट) मोडलमा निर्माण गर्न सतलजलाई छनोट गरेको थियो ।

सतलज जलविद्युत निगम ( एसजेभीएन) भारतको केन्द्र सरकार र हिमाञ्चल प्रदेश सरकारको संयुक्त लगानी रहेको कम्पनी हो ।

तल्लो अरुणबाट उत्पादन हुने बिजुली भारतले बिहारको सीतामढीमा वितरण गर्ने योजना बनाएको छ ।

# बंगलादेशका हिन्दू र बौद्धहरू माथि भइरहेको अत्याचारको विरोधमा सर्वपक्षीय बैठक सम्पन्न

काठमाडौं । बङ्गलादेशमा हिन्दू र बौद्ध धर्मावलम्बीहरू माथि भइरहेको अत्याचारको विरोधमा नेपालका विभिन्न धार्मिक, राजनीतिक र सामाजिक संघ-संगठनहरूको सर्वपक्षीय बैठक सम्पन्न भएको छ। राष्ट्रिय एकता अभियानले समन्वय गरेको उक्त बैठकमा सहभागीहरूले बङ्गलादेशका हिन्दू र बौद्ध धर्मावलम्बीहरूको संरक्षणका लागि महत्वपूर्ण निर्णयहरू गरेका छन्।

बैठकको अध्यक्षता अभियानका केन्द्रिय अध्यक्ष विनय यादवले गरेका थिए। बैठकमा प्रतिनिधि सभा सदस्य किरण साह, विश्लेषक एवं पूर्व प्रधानमन्त्रीका परराष्ट्र सलाहकार अरुण कुमार सुवेदी, नेपाल सनातन धर्म संस्कृति संगठनका पुष्पराज पुरुष, विश्व हिन्दू महासंघका अर्जुन वस्तोला, इस्कॉनका शैलेन्द्र प्रभुजी, श्री कृष्ण प्रणमी सेवा समितिका श्याम कृष्ण शर्मा, धार्मिक अभियंता खेमनाथ आचार्य, विश्व हिन्दू महासंघ राष्ट्रिय समितिका महासचिव रामचंद्र तिवारी, वरिष्ठ पत्रकार एवं विश्लेषक युगनाथ शर्मा पौडेल, श्री नेपाल वैदिक संचार केन्द्रकी घमा भट्टराई, जरो किलो पार्टीका महासचिव प्रकाश श्रेष्ठ, नागरिक शक्ति नेपालका महासचिव ॐ ढकाल, दीपक सिंह महर्जनलगायतको सहभागिता थियो।

बैठकमा बङ्गलादेशका हिन्दू र बौद्ध धर्मावलम्बीहरूलाई नेपालमा शरण दिन नेपाल सरकारले घोषणा गर्न दवाव दिने निर्णय गरियो। साथै, परराष्ट्र मन्त्रालयमार्फत बङ्गलादेशलाई हिन्दू र बौद्ध धर्मावलम्बीहरू माथि दमन रोक्न कुटनीतिक नोट पठाउन दबाब दिने निर्णय पनि गरियो।

सर्वपक्षीय बैठकमा सहभागीहरूद्वारा नेपालस्थित बङ्गलादेशको दूतावास घेराउ कार्यक्रमको योजना समेत बनाइएको छ। घेराउ कार्यक्रममार्फत बङ्गलादेश सरकारलाई हिन्दू र बौद्ध धर्मावलम्बीहरू माथि भइरहेको अत्याचारको विरुद्धमा कडा सन्देश पठाउने उद्देश्य राखिएको छ।

बैठकमा सहभागीहरूले बङ्गलादेशमा भएका अत्याचारहरूको विरोधमा आवाज उठाउन, अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन, र नेपाल सरकारलाई कूटनीतिक माध्यमबाट प्रभावकारी कदम चाल्न आग्रह गर्ने निर्णय गरेका छन्। बैठकका सहभागीहरूले बङ्गलादेशमा भइरहेको क्रूरतापूर्ण घटनाहरूको विरोधमा सबैलाई एकजुट भएर लड्न आह्वान गरेका छन्।

यस बैठकले बङ्गलादेशका हिन्दू र बौद्ध धर्मावलम्बीहरूको संरक्षणका लागि ठोस कदम चाल्नुपर्ने आवश्यकता औंल्याएको छ। सहभागीहरूले बङ्गलादेशमा भइरहेको अत्याचारहरूलाई अन्त्य गर्न सबैको सहयोग अपरिहार्य रहेकोमा जोड दिएका छन्।

## चट्याङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थान तथा रुखका छहारीमा नबसौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं